जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाह पञ्चमी महोत्सव
आजको कार्यक्रम

राम कलेवा
समय:
बेलुका १ बजे
स्थान:
जानकी मन्दिरको प्रांगण

वर्ष २५ •अंक २०० • २०८० साल पुस २ गते सोमबार (18 December, Monday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# धुमधामका साथ विवाह पञ्चमी मनाइयो

टुडे समाचारदाता

जनकपुरधाम । प्रत्येक वर्ष मार्गशीर्ष शुक्ल पञ्चमीका दिन मनाइने विवाह पञ्चमी सीतारामको आराधनासहित प्रतीकात्मक रुपमा विवाह सम्पन्न भएको छ। त्रेता युगमा मार्गशीर्ष शुक्ल पञ्चमीका दिन सीता र रामको विवाह भएको सम्झनामा यो उत्सव मनाइने चलन रहेको छ।

मिथिलाको प्राचीन राजधानी जनकपुरधाममा भगवान् सीता र रामको विवाह महोत्सव विधिपूर्वक मनाइएको छ।

गोस्वामी तुलसीदासले रामायणमा वर्णन गरेअनुसार जनकनन्दनी सीताको विवाह भएको दिनलाई सम्झेर मिथिलावासीले यस पर्वलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन्।



त्रेतायुगमा मिथिलाका राजा जनकले आफ्नी छोरी सीताको स्वयंवरका लागि राखिएको शिवधनुषलाई अयोध्याका राजा दशरथका जेठा छोरा रामले तीन टुक्रा पारेका थिए । शिवधनुषलाई भाँचेपछि मार्गशीर्ष शुक्ल पञ्चमीका दिन सीता र रामको भव्य समारोहबीच विवाह सम्पन्न भएको जानकी मन्दिरका महन्त राम तपेश्वर दास वैष्णव बताउँछन्।

रामायण अनुसार जनकपुरधामको रङ्गभूमिमा आयोजना गरिएको स्वयंवरमा ५६ कोटी देवीदेवताको उपस्थिति रहेको जनविश्वास गरिन्छ । सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्यरूपमा हुने विश्वासले हर्षोल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी हुने गरेका छन् ।

महोत्सव मनाउने क्रममा मिथिलाको संस्कृतिअनुसार मटकोर, तिलकोत्सव, स्वयंवर र विवाह संस्कार सम्पन्न हुन्छ । पौराणिक मान्यताअनुरूप राम मन्दिरबाट बाजागाजा, झाँकीसहित भगवान् रामको प्रतिमालाई विशेष रूपमा निर्मित डोला सिंहासनमा राखी रङ्गभूमिमा पुऱ्याइएको थियो।

त्यस्तै जानकी मन्दिरबाट सीतालाई विशेष सुसज्जित डोलामा राखी रङ्गभूमिमा लगिएको थियो।


रङ्गभूमिमा स्वयंवरविधि, परीक्षणको वैवाहिक विधि सम्पन्न भएपछि सीता-रामलाई जानकी मन्दिरमा ल्याइ मिथिला संस्कृतिअनुसार विवाह सम्पन्न गरिएको थियो।

यस अवसरमा निस्केको भगवान्को डोला शोभायात्रामा विभिन्न स्थानलगायत सीमावर्ती भारतीय क्षेत्रका लाखौं श्रद्धालु सहभागी भएका थिए। रङ्गभूमि मैदानमा वर र वधुपक्षबीच हुने गरेको हाँसो, ठट्टा तथा गाउँगाउँबाट आउने गरेको सीतारामको प्रतीकात्मक झाँकी र लाखौं सङ्ख्यामा सम्मिलित भक्तजनको उत्साहले वास्तविक विवाहको रमितालाई उछिनेको थियो।

देवताको मानवीयकरणको भावनासँग सम्बद्ध विवाह महोत्सवमा सरिक भएपछि मनोवाञ्छित फल र मोक्ष प्राप्त हुने जनविश्वास छ।

उक्त महोत्सव पहिले एक महिनासम्म भव्यरूपमा मनाउने गरिएकामा हाल सात दिनसम्म मनाइन्छ । यसैगरी देशभरका सीता राम मन्दिरमा पनि विशेष पूजा आराधना र महोत्सव गरी विवाह पञ्चमी पर्व मनाइन्छ । विवाहपञ्चमीका दिन विवाह गर्न साइत नचाहिने सामाजिक मान्यतासमेत रहेकोछ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा

डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन
☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ।
१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल
ANJANI SUITE




विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था
सम्पर्क नं.
९८५४०३०५०२, ९८५४०२७५९१

नगराईन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नगराईन, धनुषा
मधेश प्रदेश, नेपाल
जनहितमा जारी सन्देश
- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गरौं ।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भुमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालार्य बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थय संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

# सिमेन्ट उद्योग बन्द हुँदा पाँच सय मजदुर बेरोजगार



**टुडे समाचारदाता**

पर्सा । बारा-पर्सा औद्योगिक कोरिडोमा सञ्चालित चार सिमेन्ट उद्योग बन्द हुादा त्यहाँ कार्यरत पाँच सयभन्दा बढी मजदुर बेरोजगार भएका छन् । आर्थिक मन्दिका कारण देशकै सबैभन्दा ठूलो आर्थिक कोरिडोरमा सञ्चालित इन्टरनेशनल सिमेन्ट, विश्वकर्मा सिमेन्ट, कृष्णा सिमेन्ट र आरमेसि सिमेन्टले उत्पादन बन्द गरेपछि त्यहाँ कार्यरत मजदुर र कर्मचारी बेरोजगार भएका हुन ।

कोरिडोमा सञ्चालित १२ उद्योग मध्ये चारवटा बन्द भएका छन् । बाँकी उद्योग पनि बन्द हुने अवस्थामा पुगेका वीरगन्ज उद्योग बाणिज्य सङ्घका अध्यक्ष एवं श्री सिमेन्ट उद्योगका सञ्चालक अनिल अग्रवालले जानकारी दिए । उनले बैंकहरुको बढ्दो व्याज, पूर्वाधार विकासको निर्माणमा कमी र भएको निर्माण कार्यको भुगतानी नगरिएका कारण समस्या उत्पन्न भएको हो । सिमेन्टको माग घट्दै गएकाले पनि उद्योग रु बन्द भएका अधयक्ष अग्रवालले बताए ।

भारतले नेपाली सिमेन्ट उद्योगलाई निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको खरानीमा प्रति टन रु एक हजार कर लिँदै आएको छ । यसतर्फ सरकारको ध्यान जान आवश्यक भएको उहाँको भनाइ छ । नेपाली सिमेन्ट उद्योगले वर्षौंदेखि माग गर्दै आएको भारतीय गुणस्तर चिन्ह बिआइएस दिलाउन सरकारले पहल गरे नेपाली सिमेन्ट भारत निर्यात गर्न सकिने तथा यसले उद्योगलाई फाइदा पुग्ने उद्योगीहरुको भनाइ छ ।

# सिँचाइको विद्युत् महसुल नगरपालिकाले बेहोर्ने

**टुडे समाचारदाता**

गोलबजार । सिँचाइका लागि प्रयोग हुने विद्युत्को महसु स्थानीय तहले बेहोर्ने भएपछि यहाँका किसान खुसी भएका छन् । यहाँको खडक नगरपालिकाले किसानले खेती सिँचाइका लागि प्रयोग हुने विद्युत् महसुल बेहोर्ने निर्णय गरेपछि किसान खुसी भएको नगरप्रमुख जयप्रकाश चौधरीको भनाइ छ ।

चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअनुरूप कृषि सिँचाइ मिटरको बिल नगरपालिकाले भुक्तानी गर्न लागिएको उनको भनाइ छ । नगरप्रमुख चौधरीले किसानलाई प्रोत्साहन गर्न तथा कृषि क्षेत्रमा आधुनिकीकरण गर्ने उद्देश्यले 'कृषि मिटरको विद्युत् महसुल भुक्तानी गर्ने कार्यक्रम' अन्तर्गत उक्त निर्णय गरिएको बताए ।

"अहिलेसम्म कृषि सिँचाइको विद्युत् महसुल आफैले तिर्दै आएका थियौं", वडा नं १० फूलबरीयाका किसान अशोक यादवले भने, "अब नगरपालिकाले नै महसुल तिरिदिने भएपछि खेतीको लागत कम हुनेछ ।"

वडा नं १ सिस्वाका किसान मञ्जिलादेवी मण्डलले नगरपालिकाको उक्त निर्णयले आफूहरुलाई सहज भएको बताए । "समयमै वर्षा नहुँदा सिँचाइका लागि डिजेलपम्प चलाउँदा खर्च बढी हुन्थ्यो", उनले भने, "सिँचाइका लागि विद्युत् निःशुल्क उपभोग गर्न पाउने भएपछि खर्च कम हुनेभएका छन् ।"

खडक नगरपालिकाले सुरु गरको 'कृषि मिटरको विद्युत् महसुल भुक्तानी गर्ने कार्यक्रम' स्थानीय सरकारले सञ्चालन गरेको योजनामध्ये नमुना भएको वडा नं ११ का सूर्यनारायण रामको भनाइ छ । खडक नगरकार्यपालिकाको गत मङ्सिर २६ गतेको बैठकले नगरपालिकाभित्रका सम्पूर्ण सडक बत्ती तथा कृषि सिँचाइ मिटरको बिल आगामी माघदेखि नगरपालिकाले भुक्तानी गर्ने निर्णय गरेको थियो ।

पुस मसान्तसम्मको महसुल किसान आफैँले भुक्तानी गर्ने र आगामी माघदेखिको महसुल नगरपालिकाले तिर्ने निर्णय भएको नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत चन्द्रप्रसाद चौधरीले जानकारी दिए । "सिँचाइमा दिइने अनुदानले उत्पादन बढ्ने र किसानको आर्थिक अवस्थामा पनि सुधार आउने विश्वास लिएका छौँ", उनले भने, "कृषि क्षेत्रको विकास र विस्तारका लागि नगरपालिकाले ठोस् योजनासहित अघि बढेको छ ।"

# युवकको ढिस्कोले पुरिएर मृत्यु



**टुडे समाचारदाता**

राजविराज । ढिस्कोले पुरिएर सप्तरीको अग्निसाइर कृष्णा सवरण गाउँपालिका ४ बनौली टोलका ४० वर्षीय परशुराम यादवको मृत्यु भएको छ ।

विवाहपञ्चमी पूजाका लागि आइतवार बिहान साढे ९ बजे घर देखि केही टाढाको दुरिमा रहेको खोला किनारमा माटो लिन गएका बेला ढिस्कोले पुरिएर उनको मृत्यु भएको छ । माटो खन्दै गरेको बेला अचानक माटोको ठूलो टुक्रा यादवमाथि खसेको थियो ।

'गम्भीर घाइते भएका यादवलाई तत्कालै उद्दार गरी उपचारका लागि सदरमुकाम राजविराज स्थित छिन्नमस्ता अस्पताल पुऱ्याएका थियो, वडा अध्यक्ष तेजनारायण यादवले भने -'उपचारकै क्रममा उनको मृत्यु भयो ।' अस्पतालका चिकित्सकहरुले माटोको ढिस्कोले पुर्दा यादवको छाती र ढाडमा गहिरो चोट लागेको र आईसियूमा राखेर उपचार गर्दा पनि बचाउन नसकिएको बताए । घटना भएको स्थानबाट स्थानीयले विगतमा पनि पूजापाठ तथा घर पोत्ने प्रयोजनका लागि माटो ल्याउने गरेका थिए । तर आवश्यक सावधानी नअपनाउँदा एक जनाको अकालमै ज्यान गएको भन्दै वडा अध्यक्ष यादवले यसबारे वडामा सचेतना कार्यक्रम संचालन गर्ने जनाएका छन् ।

# जनकपुरधाममा विवाहपञ्चमीको धुम

**टुडे समाचारदाता**

जनकपुरधाम ।

*आजु मिथिला नगरिया निहाल सखिया,*
*चारों दुलहा में बड°का कमाल सखिया !*

अर्थात् आज मिथिला नगरी निकै सुन्दर भएको छ सखिहरु, चार जनै दुल्हामध्ये जेठो चाहीँ निकै कमाल को छ । यस्तै सुमधुर लोक गीत सङ्गीतबीच प्रत्येक वर्ष जनकपुरमा मनाइने रामजानकी विवाह पञ्चमी महोत्सवको रौनक यतिबेला जनकपुरधाममा देखिएको छ ।

प्राचीन मिथिला र अहिले मधेस प्रदेशको राजधानी जनकपुरधाममा भगवान् सीताराम विवाह पञ्चमी महोत्सव पौराणिक प्रचलनअनुसार मनाइँदै छ । जनकनन्दिनी सीताको विवाह भएको दिनको स्मरणमा मिथिलावासीले यसलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन् । साताव्यापी महोत्सवमा सहभागी हुन यसपटक लाखौँ श्रद्धालु यहाँ आएका छन् । सो क्रममा जानकी मन्दिरलगायत यहाँस्थित देवालयमा बिहानैदेखि पूजाअर्चना गर्नेहरुको श्रद्धालुको भीड लागेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले बताए ।

रामायणमा तुलसीदासले लेखिएको पंक्ति उदृत गर्दै जानकी मन्दिरका महन्थ रामतपेश्वर दास भन्छन्, "सिया रघुवीर विवाह जे गावही, सुनही तिनहुँ सदा उछाह मंगलाय तन रामजसो ।" बालकाण्डको अन्तिममा लेखिएको यस पंक्तिको अर्थ हो, भगवान् राम र सीताको यस अलौकिक विवाहलाई जसले हृदयदेखि सुन्ने, गाउने र वाचन गर्ने गर्छ, उसको जीवन सदैव मंगलमय हुन्छ । त्यसैले पनि विवाहपञ्चमी महोत्सव जनकपुरधामको घरघरमा सुनिने, गाइने र वाचन गर्ने गरिन्छ । वर्षौंदेखि जनकपुरधामले धान्दै आएको यस सांस्कृतिक विरासत मिथिलाका अन्य सहरमा फैलिँदै छ । महन्थ दासका अनुसार सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता भौतिक शरीर नभए पनि अदृश्य रूपमा उपस्थित हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछायाँ जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी हुने गर्दछन् ।

मैथिल साहित्यकार डा राजेन्द्र विमल बताउनुहुन्छ, "संस्कृतिअनुसार विवाह महोत्सव मनाइने क्रममा राम मन्दिर र जानकी मन्दिरबाट राम सीताको प्रतिमालाई सुसज्जित डोलीमा राखी रङ्गभूमिमा लगी स्वयम्बर र परीक्षण विधि भएपछि जानकी मन्दिरमा ल्याई विवाह संस्कार सम्पन्न गरिन्छ । सो अवसरमा निस्किने भगवानको डोला शोभायात्रामा सहभागी हुनेले महोत्सव दैवी विवाह भएको अनुभव गर्दै आफूलाई धन्य सम्झन्छन् ।"राजर्षि जनक, जानकी र याज्ञवल्क्यको पुण्यभूमि प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा बर्सेनी मङ्सिरको शुक्ल पक्ष पञ्चमी तिथिमा राम जानकी विवाहपञ्चमी मेला लाग्छ ।

सीतोपाख्यान उत्तरार्द्धमा सीता स्वयम्बरबारेमा उल्लेख भएअनुसार आश्विन पूर्णिमाका दिन अयोध्या नरेश महाराज दशरथ नन्दन राजकुमार श्रीरामचन्द्रले प्राचीन शिव धनुषलाई भाँचेको र त्यसपछि मार्ग शुक्ल पञ्चमी तिथिमा श्री राम जानकीको शुभविवाह भएको प्रसङ्ग उल्लेख गरिएको छ । उक्त विवाह भएको खुशीयालीमा सम्झनास्वरूप जनकपुरधाममा प्रत्येक वर्ष विवाह पञ्चमी पर्व मनाउने परम्परा छ ।

राम र जानकीको स्वयम्वर भएको जनविश्वास रही-आएको रङ्गभूमी १२ बिघा मैदानमा विवाह पञ्चमीका दिन जनकपुरधामस्थित राम मन्दिरबाट जन्तीसहित भगवान् रामको डोला नगरको परिक्रमा गर्दै ल्याइएपछि जानकी मन्दिरबाट बाजागाजा सहित लावा-लस्करका साथ जानकीको डोला



लगेर स्वयंवर गरिन्छ । त्यसपछि दुवै डोला नगरको परिक्रमा गर्दै जानकी मन्दिरमा पुगी मिथिलाको संस्कृतिअनुसार वैवाहिक कार्यक्रम सम्पन्न गरिन्छ ।

त्रेता युगमा मिथिलापति शिरध्वज जनकले सीता स्वयंवरको आयोजना गर्दा देशदेशान्तरका सयौं राजा र राजकुमार उपस्थित हुन पुगेको ऐतिहासिक तथा पौराणिक मान्यता छ । अहिले पनि हिन्दू जातिको आस्थाको केन्द्रका रूपमा रहेको जनकपुरधाममा मुलुकलगायत भारतबाट आएका लाखौं श्रद्धालु डोला परिक्रमाको दर्शन तथा पूजापाठ गर्न उपस्थित हुन्छन् ।

यस वैवाहिक समारोहको पूर्वाङ्गस्वरूप मार्गशुक्ल द्वितीया तिथिका दिन अयोध्याबाट साधु सन्तहरू समेतको एउटा जन्तीको डफ्फा(बाराती समूह)लाई जनकपुरधाम आइपुग्दा भव्य स्वागत गरिन्छ । अयोध्याबाट आउने जन्ती समूह( बाराती समूह)लाई यसअघि नै नेपाली सीमामा प्रवेश गर्नासाथ मटिहानी, जलेश्वर, पिपरा, लादोबेला र जनकपुरधाममा भव्य तथा हार्दिक स्वागत तथा अभिवादन गर्ने परम्परा छ ।

> त्रेता युगमा मिथिलापति शिरध्वज जनकले सीता स्वयंवरको आयोजना गर्दा देशदेशान्तरका सयौं राजा र राजकुमार उपस्थित हुन पुगेको ऐतिहासिक तथा पौराणिक मान्यता छ । अहिले पनि हिन्दू जातिको आस्थाको केन्द्रका रुपमा रहेको जनकपुरधाममा मुलुकलगायत भारतबाट आएका लाखौं श्रद्धालु डोला परिक्रमाको दर्शन तथा पूजापाठ गर्न उपस्थित हुन्छन् ।

साताव्यापी विवाहपञ्चमीको पहिलो दिन मङ्गलबार नगरदर्शन र दोश्रो दिन बुधबार फुलबारी लिला र बिहीबार तेश्रो धनुष यज्ञ, चौथो दिन मङ्सिर २९ गते तिल्कोत्सव र मङ्सिर ३० गते मटकोर विधि सम्पन्न भइसकेको छ । आज पुस १ गते आज विवाहपञ्चमीको मुख्यदिन विवाह उत्सव छ भने भोलि पुस २ गते रामकलेवा गरी सप्ताहव्यापी श्री सीताराम विवाहपञ्चमी महोत्सव समापन हुने महन्थ दासले बताए ।

महन्थ दासले भने, "आज पञ्चमी तिथिमा राम मन्दिरबाट श्रीरामचन्द्रको डोला बाजागाजाका साथ नगरपरिक्रमा गर्दै रङ्गभूमि मैदानमा पुग्दछ । त्यहाँ पहिलेदेखि नै जानकी मन्दिरबाट जानकी माताको मूर्ति सुसज्जित मण्डपका साथ मन्दिरका महन्त, साधुसन्त र समाजका प्रबुद्ध नागरिक सम्मिलित सरियाती दल(घरगाउँले समूह वा माइती पक्ष)द्वारा स्वागत अभिवादनका साथै राम मन्दिरबाट पुगेको डोलालाई जानकी मन्दिरबाट पुऱ्याइएको मण्डपद्वारा पाँचपटक परिक्रमा गराएर श्रीरामचन्द्रलाई पुष्पहार अर्पण गरिन्छ ।"

राम मन्दिरबाट पुगेको मण्डपबाट महन्थले जानकीजीलाई माला लगाई आरतीपूजनपछि स्वयम्बर पूरा हुन्छ । त्यसपछि राम मन्दिरको मण्डप अगाडि राखेर सबै पछिपछि लाग्दछन् र जानकी मन्दिर पुऱ्याएर आरती पूजन गरिन्छ । त्यसपछि राम मन्दिरको डोला लावा लस्करका साथ राममन्दिर फर्कने गर्दछ भने त्यसै रात मिथिला परम्परा-अनुसार भगवान् रामचन्द्र र माता जानकीको वैवाहिक कार्यक्रम सम्पन्न हुन्छ ।

अहिले विवाह महोत्सवमा सहभागी हुन आउने पर्यटकका कारण जनकपुरका होटल, लोज र धर्मशालाहरू भरिभराउ छन् । साथै भक्तजनको सुविधाका लागि स्थानीय संघ संस्थाहरूले ठाँउ-ठाँउमा बासको प्रबन्धका लागि पन्डाल निर्माण गरिदिएका छन् ।

खास गरेर नेपाल तथा भारतको विभिन्न भूभागबाट ठूलो सङ्ख्यामा तीर्थयात्रीहरू जनकपुरधाम आउने क्रम विगत दुई दिनदेखि जारी छ । अघिल्ला वर्षमा महोत्सवमा सहभागी हुन देशविदेशका विशिष्ट राजनीतिक व्यक्तित्वलाई पनि आमन्त्रित गर्ने गरिन्थ्यो । विशिष्ट व्यक्तिहरूको आगमन हुँदा सर्वसाधारण श्रद्धालुलाई महोत्सव मनाउन समस्या हुने गरेको हुँदा यसवर्ष विशिष्ट अथितिलाई ननिमत्याएको जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास बैष्णवले बताए ।

### प्रदेशमा सार्वजनिक विदा

सीताराम विवाह पञ्चमी महामहोत्सवको अवसरमा मधेस प्रदेश सरकारले आइतवार सार्वजनिक बिदा दिएको छ । प्रदेशको पात्रोअनुसार साताव्यापी विवाहपञ्चमी महोत्सवमा बिदा दिइने उल्लेख भए अनुसार बिदा दिइएको हो । प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले विवाह पञ्चमीको अवसरमा जनकपुरधाममा पाल्ने श्रद्धालु भक्तजनहरूलाई माता र प्रभुको आशीर्वाद मिलोस् भन्दै शुभकामना व्यक्त गरेका छन् ।

### मदिरा र मासु बिक्रीमा रोक

जनकपुरधाममा श्रीसीताराम विवाहपञ्चमी महोत्सवको अवसरमा तीन दिनसम्म मदिरा तथा माछा/मासु बिक्री वितरणमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले एक सूचना जारी गर्दै मङ्सिर २८ गते राति १२ बजेदेखि पुस १ गते राति १२ बजेसम्म मदिरा तथा माछा/मासुको बिक्री वितरणमा रोक लगाएको हो ।

सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवलाई सुरक्षित, मर्यादित र सौहार्दपूर्ण वातावरणमा मनाउनका लागि जिल्ला सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको प्रशासकीय अधिकृत विश्वविजय शर्माले जानकारी दिए । यस अवधिमा जनकपुरधामको परिक्रमा क्षेत्रभित्र र परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री वितरण, सेवन तथा पशुपक्षी काट्न, माछा, मासु बिक्री वितरण, ओसारपसार गर्न निषेध गरिएको प्रमुख जिल्ला अधिकारी चक्र पाणी पाण्डेले बताए ।

### खाद्यान्नबाट विशाल राम र सीताको आकृति

श्रीसीताराम विवाहपञ्चमी महामहोत्सवमा जनकपुरधामको बाह्र विघा रङ्गभूमि मैदानमा खाद्यान्नबाट भगवान् राम, सीताको स्वयंम्बरको ११ हजार ११ वर्गफिटको विशाल आकृति बनाइएको छ । भगवान् राम सितासँगै राजर्षि जनक तथा विश्वामित्रको पनि आकृति निर्माण गरिएको छ ।

खाद्यान्नबाट बनाइएको आकृतिको उचाई एक सय २१ फिट र चौडाई ९१ फिटको रहेको श्रीसीताराम अनाज प्रतिमा निर्माण समितिका संयोजक एवं जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठले जानकारी दिए । आकृतिको निर्माणमा ११ प्रकारको खाद्यान्न गरेर एक सय दुई क्विन्टल प्रयोग भएको संयोजक महासेठले बताए । यसमा चालन, गहुँ, भटमास, चना, मुम्फली, मुंग, रहरको दाल, मक्कै, रहरको दाल, मसुरोको दाल र काला उरिद प्रयोग गरिएको छ ।

सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवको रौनकतालाई अन्नबाट निर्माण गरिएको सीतारामको प्रतिमाले झनै बढाएको छ । विश्व रेकर्ड स्थापित गर्ने उद्देश्यले निर्माण गरिएको सो प्रतिमालाई शनिबारबाट सर्वसाधारणको अवलोकनका लागि समेत खुल्ला गरिएको छ । यो प्रतिमाको निर्माण ११ पटक अन्नकै प्रतिमा बनाएर विश्व रेकर्ड बनाएका भारतको मध्यप्रदेशका सतिश गुर्जरले गर्नुभएको छ । कोरोना महामारीको समयदेखि अन्नको प्रतिमा निर्माण गर्न सुरु गर्नुभएका गुर्जरले नेपाल भारतको साझा संस्कृतिलाई प्रचारप्रसार गर्ने उद्देश्यले बिना पारिश्रमिक यो प्रतिमाको निर्माण गरेको बताए ।

भारतीय कलाकारले निर्माण गरेको यो प्रतिमाले नेपाल भारतको साझा संस्कृतिलाई दर्शाएको वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यूदूत देवीसहाय मिणाको भनाइ छ । पछिल्लो पटक भारतको अयोध्यमा अन्नबाटै प्रतिमा निर्माण गरेर विश्व रेकर्ड बनाएका सतिश गुर्जरकै टिमले आफ्नै रेकर्ड तोड्ने उद्देश्यले निर्माण गरिएको यो प्रतिमाले जनकपुरधामको पर्यटनलाई बढावा दिन मद्दत गर्ने जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले बताए ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# विवाह पञ्चमीका अवसरमा जनकपुरधाममा आइतबार भगवान् सीतारामको डोलासहित निकालिएको झाँकीमा देखिएका श्रद्धालु भक्तजनको भीड ।

तस्बिरः संजय





















**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सकारात्मक कार्य, सार्थक प्रयास

सीताराम विवाहमहोत्सव परम्परागत रुपमा मनाइने जनकपुरधामको अत्यधिक महत्वपूर्ण उत्सव हो । हरेक वर्ष विवाहमहोत्सवलाई स्मरणीय बनाउन जानकी मन्दिर, स्थानीय निकाय, प्रदेश सरकारले सार्थक प्रयास गर्न थालेको छ। यस वर्ष विवाहमहोत्सवमा अपेक्षाकृत भीड बढेको छ। भीडलाई व्यवस्थित बनाउन विभिन्न निकायहरुले सार्थक प्रयास गरेका छन् । श्रद्धालुहरुलाई पिउने पानी, शौचालय, सरसफाईमा जनकपुरधाम उपमहानगरपालिकाले विशेष ध्यान दिएको छ ।बारहबिघा मैदानलाई नियमित सफाई गरिएको छ ।पर्याप्त शौचालय बनाइएको छ ।पिउने पानी र बिजुलीको पनि व्यवस्था रहेको छ । विवाहपञ्चमी महोत्सवमा प्रमुख रुपमा जानकी मन्दिर र बारहबिघामा भीड हुने गर्छ। यसपटक पनि भीड त्यहाँ नै देखिएको छ। विगतको भन्दा सफाइ राम्रो देखिएको छ। बारहबिघामा पर्याप्त शौचालय रहे पनि बाहिर पनि शौचालयको खाँचो देखिएको छ । विवाहमहोत्सवलाई स्मरणीय बनाउन जनकपुरधाम उपमहानगरपालिका र जनकपुरधाम उद्योग वाणिज्य संघले संयुक्त रुपमा सकारात्मक कार्य गरेका छन् । भगवान सीतारामको प्रतिमा अन्नले निर्माण गराई हाल सम्मकै सबै भन्दा ठूलो बनाइएको छ। ११ हजार १११ फिटको मूर्ति निर्माण गरी भारतको अयोध्यामा विगतमा निर्माण गरिएको १० हजार फिटको रेकर्डलाई ब्रेक गरिएको छ । अन्नले मूर्ति निर्माण गर्न हुने नहुने विषयमा वहस भइरहनेछ । जनकपुरधाम उपमहानगर र जनकपुरधाम उद्योग वाणिज्य संघले गरेको सकारात्मक प्रयास हो । यसले विवाहमहोत्सवलाई अविस्मरणीय बनाउनुको साथै बिभिन्न संघसंस्था र व्यक्तिहरुलाई जोड्ने सार्थक प्रयास भएकोछ । विवाहमहोत्सव जानकी मन्दिरको मुख्या आयोजन रहे पनि हरेक क्षेत्रले विशिष्ट कार्यहरु गरेर धार्मिक पर्यटकलाई आकर्षित गर्नु सकारात्मक कार्य हो। भगवान सीतारामको स्वयंवर हुने बारहबिघामा सहभागिता जनाउने श्रद्धालुहरुका लागि अन्नको सीताराम मूर्ति आकर्षणको केन्द्र बनेको छ। गिनिजबुकमा नाम लेखिए त्यो अर्को ठूलो उपलब्धि हुनेछ। तर नाम नलेखिए पनि जनकपुरधाम उपमहानगर पालिका र जनकपुरधाम उद्योग वाणिज्य संघले गरेको कार्य सकारात्मक हो । सार्थक प्रयासलाई सबैले सफल बनाउनु पर्छ ।विगतमा भारत उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ, नेपालकै विशिष्ट व्यक्तित्वहरु, भारतका विद्वान सन्तमहन्तहरु विवाहमहोत्सवमा सहभागिता जनाउदा व्यापक चर्चा पाएको हो ।यस वर्ष अन्नको मूर्ति, सरसफाईको व्यवस्थापनले पनि विवाहमहोत्सवलाई चर्चामा ल्याएको छ। २५/३० लाख रुपैया खर्च गरी महोत्सवलाई आकर्षक बनाउनु ठूलै सफलता हो । मूर्ति बनाउन लाग्ने खर्च पनि बिभिन्न संघसंस्था र व्यक्तिहरुको सहयोगमा जुटाइएको छ। यस पटक देखिएका केही कमीकमजोरीलाई आगामी वर्ष सुधारगर्दै अझ अविस्मरणीय बनाउने कार्यहरु गरिनु पर्छ।

# पर्यटकीय सम्पदाबाटै म्याग्दीको समृद्धि

**सन्तोष गौतम**

प्राकृतिक, सांस्कृतिक, भौगोलिक, जातीय र जैविक विविधताका साथै ऐतिहासिक सम्पदा म्याग्दीका पर्यटकीय सम्पदा हुन् । हिमाल, अग्ला पहाड, वनजङ्गल, नदी, झरना, तालतलैया, ऐतिहासिक र धार्मिकस्थल, विभिन्न जातजातिका विविधतायुक्त कलासंस्कृति, रहनसहन र जीवनशैली म्याग्दीको पर्यटन विकासका आधार मानिएको छ।

संसारको सातौँ अग्लो हिमाल हो धौलागिरि आठ हजार एक सय ६७ मिटरको उचाइमा रहेको छ भने १०औँ अग्लो हिमाल अन्नपूर्णको उचाइ आठ हजार ९१ मिटर छ । फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगले पहिलोपटक सन १९५० जुन ३ तारिखका दिन अन्नपूर्ण प्रथम आरोहण गरेर इतिहास रचेका थिए। अरु थुप्रै मनमोहक हिमालको जिल्ला पनि हो म्याग्दी । यहाँ नीलगिरि, चुरेन, गुर्जा, मानापाथीलगायत हिमाल छन् । साहसिक मुटु भएकाहरू हिमाल चढ्छन् । पदयात्राका लागि पनि यहाँ राम्रा पदमार्ग छन् । धवलागिरि हिमालको आधार शिविर हुँदै मुस्ताङ निस्कने धौलागिरि चक्रिय, धौलागिरि आइसफल र सेञ्चुरी पदमार्ग । धेरैजसो पर्वतारोही र पदयात्री नाउरा, बगर, दोभान, इटाली आधार शिविर हुँदै मुस्ताङको मार्फा निस्कन सकिने चक्रीय धौलागिरि पदमार्गमा हिँड्छन् ।

अन्नपूर्णका प्रथम आरोही सम्मानमा मौरिस हर्जोग पदमार्ग सञ्चालनमा ल्याइएको छ। अन्नपूर्ण गाउँपालिका-४ मा पर्ने नारच्याङ गाउँदेखि अन्नपूर्ण प्रथमको आधार शिविर जोडिन्छ यो पदमार्ग। नारच्याङ हुँदै एकै दिनमा आधारशिविर पुग्न सकिन्छ । यो पदमार्ग रमणीय, मनमोहक र प्राकृतिक सौन्दर्ययुक्त छ। नारच्याङदेखि हुमखोलासम्म गाडी र हुमखोलादेखि फुतफुते, भुसकेत हुँदै आधारशिविर पुग्न सकिन्छ।

अन्नपूर्ण आधारशिविर फराकिलो र समथर भूगोलमा छ । आधारशिविर नजिकैको नारच्याङ पञ्चकुण्ड ताल यहाँको अर्को विशेषता हो । पदयात्रामा फुतफुतेलगायतका झरनाका साथै विभिन्न जातका गुराँस, वन्यजन्तु, पक्षी तथा वनस्पति अवलोकन गर्न सकिन्छ। अन्नपूर्ण पदमार्गमा होटल तथा लज सुविधा छैन । त्यसैले पर्वतारोही तथा पदयात्रीले क्याम्पिङ गर्नुपर्छ।

अक्करे पहाड, जङ्गल, ग्रामीण जीवनशैली, स्थानीय कला संस्कृति, प्राकृतिक तातोपानी कुण्ड, वनजङ्गल अवलोकन गर्न पाउनु धौलागिरि पदमार्गका आकर्षण हुन् । भोङभोङे, मिस्तुङ कुना, लामो छहरा, कुलिवाङ, तातोपानी र झुम्टोगोठ छहराको रमणीय दृष्यावलोकन गर्न पनि पाइन्छ। पदमार्गको इटालियन क्याम्पदेखि माथि होटल तथा लज सुविधा नभएकाले पदयात्रा गर्दा क्याम्पिङ गर्नु पर्ने बाध्यता छ।

धवलागिरि गाउँपालिकाको ताकम, बेनी नगरपालिकाको ज्यामरुककोट, बेनीबजारको बेनी कोत, रघुगङ्गा गाउँपालिकाको भगवती कोत म्याग्दीका ऐतिहासिक कोतघर हुन् । चौबिसे राज्यका पालाका हातहतियार र सामग्री राखिएका कोतघरमा दसैंको समयमा विशेष पुजाआजा हुने गर्छ। पहाडी भूगोल र हिमालको दृश्यावलोकन गर्न सकिने उच्च स्थानमा रहेका कोतघरका हतियार इतिहासका साक्षी हुन् ।

कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलमा फैलिएको एउटै विशाल चट्टानमाथि रहेको गलेश्वर पश्चिमको पशुपतिनाथका रुपमा परिचित छ । सत्ययुगमा सतीदेवीको गला पतन भएकाले गलेश्वर नाम रहेको किम्बदन्ती छ। यहाँ शिवालय, राधाकृष्ण मन्दिर, कहिल्यै नसुक्ने जलबराह कुण्ड पनि छन् । पौलस्त्य ऋषिका नाति लंकाका राजा रावण जन्मिएको ठाउँ पौलस्त्य-पुलहाश्रम म्याग्दीको बेनी नगरपालिका-५, पुलाचौरस्थित पछैमा पर्छ । पौलस्त्य मन्दिर नजिकै रावणको नाभी गाडिएको भन्ने ढुङ्गा (पत्थर) छ । बेनी नगरपालिकाको गाजनेमा रहेको नेपालमै फरक स्वरूपको पाँच सय वर्ष पुरानो जगन्नाथ मन्दिरभित्र जगन्नाथ, डिम्ब महाराज, गणेश, रामलक्ष्मण, कृष्ण, बलराम, नृसिंह, चतुर्बाहुका मूर्ति छन । ऋषिमुनि र माताहरूले तपस्या गरेर ज्ञान आर्जन गरेको बेनी नगरपालिकाको स्वर्गाश्रममा आन्तरिक र बाह्य पर्यटक जाने गर्छन् ।

जनैपूर्णिमा पर्वका अवसरमा विशेष पूजाआजा हुने रघुगङ्गा गाउँपालिकाको रिखार पनि म्याग्दीको प्रसिद्ध धार्मिकस्थल हो ।

तीन हजार ४०० मिटर उचाइमा अवस्थित म्याग्दीको धार्मिकस्थल मालिका धुरी प्राकृतिक रुपमा सुन्दर र रमणीय छ। मनोकांक्षा पुरा हुने जनविश्वासका साथ मालिकामा चण्डी, ज्येष्ठ र कात्तिक पूर्णिमामा विशेष पूजाआजा गर्ने भक्तजनको घुइँचो लाग्छ। बिम, बिमवाङ, दुखु, हिदी, टोड्के र ठाडाखानीको बाटो भएर पुगिने मालिकाबाट २० भन्दा बढी हिमशृङ्खलालाई नजिकबाट अवलोकन गर्न सकिन्छ। बिम हुँदै मालिका धुरीमा जाने बाटोमा पर्ने बराह ताल र प्रभुचेला आश्रम पनि यस क्षेत्रका आकर्षण हुन् ।

धवलागिरि गाउँपालिका-१ मा अवस्थित गुर्जा गाउँलाई 'लुकेको वस्ती', 'दुरवस्ती', 'एकल वस्ती' तथा जीवित मानव सङ्ग्रहालय पनि भन्ने गरिन्छ । गुचुमुच्च बस्ती। परम्परागत ढुङ्गा र माटोबाट बनेका परम्परागत घरहरू। छन्त्याल जातिको जीवनशैली, सभ्यता र संस्कृति बुझ्ने आँखीझ्याल हो गुर्जा । चुरेन, पुथा र गुर्जा हिमालको जरामा बसेको बस्तीले पर्यटकलाई लोभ्याउँछ।

जडीबुटीको भण्डार पनि हो गुर्जा गाउँ । यहाँ



यार्सागुम्बा, जटामसी, निरमसी, सतुवा, कुट्कीलगायत धेरै थरिका बहुमुल्य जडीबुटी पाइन्छ । त्यसैले त गुर्जालाई 'हर्बल हव' उपमा समेत दिइन्छ । मुना-लुलाङ हुदै एक दिन पुरै हिँडेर गुर्जा गाउँमा पुगिन्छ। पर्यटकका लागि गाउँमा होमस्टे सुविधा छ। त्यहाँदेखि गुर्जा हिमालको आधारशिविर पुग्न चार घण्टा, चुरेन पुग्न २ दिन र पुथाको आधारशिविर पुग्न २ दिन ४ घण्टा लाग्छ।

गुर्जा माथि बस्ती नभएकाले क्याम्पिङ गर्नुपर्ने हुन्छ। हिमाल आरोहणका अतिरिक्त वन्यजन्तु, पंक्षि, झरना, ग्रामीण बस्ती, जीवनशैली, वनस्पति र जडीवुटीको अवलोकन गर्न पाउनु धौलागिरि, गुर्जा, चुरेन र पुथा हिमालको आधारशिविरको आकर्षण हो । गुर्जा हुँदै डोल्पा जोड्ने पश्चिम धौलागिरि र ढोरपाटन शिकार आरक्ष जोड्ने पदमार्ग पहिचान भएको छ । बसन्त ऋतुमा गरिने महसिकार गुर्जाको थप आकर्षण हो । म्याग्दीको घोडेपानी, पुनहिल, मोहरेडाँडा र फूलबारी क्षेत्रमा लालीगुराँसको घना जङ्गल छ। नेपालमा पाइने ३२ मध्ये ८ प्रजातिका गुराँस यहाँ पाइन्छन् । गुराँसे जङ्गलको पृष्ठभूमिमा हिमाल र सूर्योदयका दृश्यमा रम्न पाउँदा बेग्लै आनन्दको अनुभूति हुन्छ। म्याग्दीको पोखरेबगरदेखि गाडी र कास्कीको नयाँपुल, घान्द्रुक भएर पुगिने घोडेपानीमा आमा समूहले संग्रहालय पनि सञ्चालन गरेका छन् । पर्यटकका लागि घोडेपानीमा सुविधायुक्त होटल छन्।

घोडेपानीबाट करिब एक घण्टा उकालो चढेपछि पुनहिल (तीन हजार २१० मिटर) पुगिन्छ। पुनहिलबाट हिमालको लामो लर्कन देखिन्छ। त्यसैगरी पुनहिलबाट करिब चार घण्टा हिँडेपछि पुगिने अन्नपूर्ण-धौलागिरि सामुदायिक पदमार्ग अन्तरगत तीन हजार ३०० मिटर उचाइको मोहरेडाँडाबाट धौलागिरि, गुर्जा, अन्नपूर्ण, माछापुच्छेलगायत १६ भन्दा बढी हिमाल देखिन्छन्।

घोडेपानीका साथै नागी, हम्पाल, लेसपार, राम्चे हुँदै पुगिने मोहरेडाँडामा सामुदायिक लज सञ्चालन गरिएको छ। प्यारीभारानी ताल, फुलबारी, कालीसार, करवाकेली थान र संग्रहालय, आलडाँडा, करबाकेली पदमार्ग, टिकोट घोडेपानी-पुनहिल आसपासका सहायक गन्तब्य हुन् ।

तीन हजार ६६० मिटर उचाईको सुन्दर हिलस्टेशन खोपाराबाट हिमालको लामो लर्कन, सूर्योदय र सूर्यास्तको मिठास देखिन्छ । हिमचुली, अन्नपूर्ण प्रथम, अन्नपूर्ण साउथ, बराह शिखर, निलगिरि साउथ, टुकुटे पिक, मानापाथी हिमाल र धौलागिरि हिमशृङखला देखिने खोपारामा भेडाबाख्रा र चौरी गाईको गोठ थप आकर्षण हुन् । खोपाराबाट एक दिन र एक बिहान हिँडेपछि पुगिने चार हजार ६३० मिटर उचाईमा, बराह शिखर हिमालको फेदीमा रहेको खयर भारानी प्रख्यात शक्तिपिठ हुन् ।

मनोकामना पूरा हुने विश्वासका हरेक बर्ष जनै पूर्णिमाका दिन यहाँ मेला लाग्छ। पाउद्वार गाउँदेखि खोपारा हुँदै खयरतालसम्म व्यवस्थित पदमार्ग छ ।

घोडेपानी, शिख, पाउद्वार र नारच्याङबाट एकै दिनमा पुग्न सकिने खोपारामा पाउद्धार पर्यटन सहकारी संस्थाले सामुदायिक होटल सञ्चालन गरेको छ । बयली र ढाडँखर्क खोपाराका सहायक गन्तब्य हुन् ।

बेनी-जोमसोम सडकमै पर्ने महभिर र दानाको रुप्से झरना म्याग्दी हुँदै मुस्ताङ जाने आउनेका लागि रमाउने थलो हुन् । धवलागिरि र अन्नपूर्ण हिमालको बीच भएर बग्ने, शालिग्राम पाइने विश्वको एकमात्र, कालीगण्डकी नदीले निर्माण गरेको विश्वकै गहिरो अन्धगल्छी रुप्से झरनाको नजिकै छ। बेनी-जोमसोम सडकअन्तर्गत नागढुङ्गादेखि पाँच मिनेट गाडी र १५ मिनेट उकालो हिँडेपछि पुगिने नारच्याङ झरना पनि पर्यटकीय सम्भावना बोकेको प्राकृतिक स्थल हो । छङछङ सुसाउँदै झर्ने सुन्दर र आकर्षक देखिने झरनामा पर्ने इन्द्रेणीले मनै हराउँछ।

बेनी नगरपालिका-४ सिंगामा रहेको तातोपानी कुण्ड प्राकृतिक उपचारस्थलका रुपमा परिचित छ । बिरे नुनको गन्धमा निस्कने पानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, वाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको भएको बिरामीहरू बताउँछन् । बेनी बजारदेखि आठ किलोमिटर टाढा रहेको सिंगा तातोपानी बजारमा पाहुनाका लागि आरामदायी होटल सुविधा छ । अन्नपूर्ण गाउँपालिकाको भुरुङ्ग तातोपानीमा प्राकृतिक रुपमा निस्कने तातोपानी सङ्कलन गरिएका दुईओटा पोखरी र धारामा स्नान गर्न सकिन्छ। अन्नपूर्ण चक्रीय पदमार्ग र मुस्ताङ भ्रमण गर्ने पर्यटकका लागि विश्रामस्थल बनेको भुरुङ्ग तातोपानीमा सुविधासम्पन्न होटल तथा लज छन् । अन्नपूर्णको पाउद्वार, रातोपानी, सेकार्कु, रघुगङ्गाको दर्मीजा, धवलागिरिको बगर र गुर्जाको तातोपानी कुण्ड पनि पर्यटकीय हिसाबले सम्भावनायुक्त छन् ।

रघुगगा गाउँपालिकाको रुइसेमा भुमे मन्दिर, नौलि बराह, देउराली मन्दिरलगायतका धार्मिक स्थल छन् भने घनाजङ्गल र जडीबुटी पाइन्छ । रुइसेदेखि ४५ मिनेट उकालो पैदलयात्रापछि पुगिने करिब २६ सय मिटर उचाईमा अबस्थित भेडीओडारबाट धौलागिरि, माछापुच्छे, अन्नपूर्ण, निलगिरि, मनास्लु हिमाल, सूर्योदय, पहाडी भूगोल, गुरासे जङ्गलको अवलोकन गर्न सकिन्छ । धौलागिरि आइसफल पदमार्गको प्रवेशबिन्दुमा रहेको रुइसे गलेश्वरदेखि एक घण्टा गाडीको यात्रा गरेपछि पुगिन्छ। भगवती मैदानमा रहेको ऐतिहाँसिक कोत मन्दिरको धार्मिक महत्व छ।

दुई हजार पाँच सय मिटर उचाइमा रहेको टोड्केको स्वच्छ हावापानी र शान्त वातावरणले तन/मन दुबै चङ्गा बनाउँछ । गुराँसे जङ्गलको टाकुरामा रहेको टोड्केबाट धौलागिरि, गुर्जा, मानापाथी, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र लमजुङ हिमालको लामो लस्कर देखिन्छ। टोड्केमा स्वर्गद्वारी मन्दिर र सिद्धथान छन् । मन्दिरभित्र रहेका शिवलिङ्ग र महाप्रभूले प्रयोग गरेका खराउ ऐतिहासिक सम्पदा हुन् । भिँ, पूर्णगाउँ र बाखेतको बाटो भएर पुगिने धौलागिरि सेञ्चुरी पदमार्गको प्रवेशद्वार टोड्केमा रिसोर्ट् तथा होमस्टे सञ्चालन भएको छ।

बागलुङ, रुकुम र म्याग्दी जिल्लामा फैलिएको ढोरपाटन शिकार आरक्षको घुस्तुङ र बार्से ब्लकसहित १५ प्रतिशत क्षेत्रफल म्याग्दीको धवलागिरि गाउँपालिकामा पर्छ । वन्यजन्तुको सिकार, समथर भूगोल, चरन क्षेत्र, बुकी पाटन, पक्षी, वनस्पति, हिमशृङ्खलाको अवलोकनका लागि ढोरपाटन परिचित छ । म्याग्दीको धारापानी-ताकम-मुना-लमसुङ-मरेनी हुँदै एक दिन र लमसुङ-गुर्जा-गुर्जाघाट हुँदै दुई दिन पैदल हिँडेर ढोरपाटन पुगिने पदमार्गमा पर्ने नर्जा झरना थप आकर्षण हो। ढोरपाटन सिकार आरक्ष जाने र गुरिल्ला पदमार्गमा पर्ने ३४१० मिटर उचाइमा जलजलाबाट पहाडी भूगोल, सूर्योदय र प्राकृतिक सौन्दर्यको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ।

नागबेली परेर बगेका म्याग्दी र कालीगण्डकीको दोभानमा रहेको बेनी बजारदेखि धवलागिरि हिमालसम्मको दृश्य देखिने खबराको लम्लीहिल (मायालु डाँडा) बेनी बजार नजिकैको नयाँ गन्तव्य हो । त्यसैगरी बेनी नगरपालिकाको भकिम्ली र काठेखोला गाउँपालिकाको सिमानामा रहेको बेलको जस्तो आकारको रुप भएको बेलढुङ्गा पहाडी भूगोल, सूर्योदय र हिमशृङ्खलाको दृष्यावलोकनका लागि गन्तव्य बनेको छ। यिनै प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक सम्पदाहरुको उपयोगमा नै म्याग्दीको समृद्धि जोडएको छ।

# कांग्रेसमा देखिएको तदर्थवाद र धार्मिक अस्पष्टता

**विनोद न्योपाने**

प्रजातन्त्र वाद, प्रतिवाद, संवाद, स्नेह, भ्रातृत्व र सम्झौतामा चल्छ। नेपाली प्रजातन्त्र विभेद र तिरस्कारको संस्कारमा हुर्किएको छ। राजनीतिमा 'मोरल ग्राउन्ड' त्यसकारण बाँकी रहेन । सुशासन र आर्थिक विकासले गति लिन नसक्नुको मूल कारण पनि यही बन्यो । दलीय व्यवस्थामा दलभन्दा व्यक्ति प्रभावी हुने संस्कृति राजनीतिको पहिचान बन्यो। व्यवस्था बदलिए पनि शक्ति सम्बन्ध बदलिएन। शक्ति सम्बन्ध कसको नियन्त्रणमा छ भन्ने ज्ञात रूपमा थाहा नहुँदा राजनीति मुलुकका पक्षमा हिंडिरहेको छैन।

हो, पार्टी स्थापनाको मूल ध्येय हेर्दा मुलुक र नागरिकले नेपाली कांग्रेसबाट आशा गर्ने ठाउँ थियो तर त्यो आशाले मूर्त रूप पाउन सकेन । दासरूपी सलहहरूको समूह बनाई पार्टी कब्जा गर्ने संस्कृतिले मूल शक्तिको विवेकमाथि निरन्तर प्रहार हुँदै आयो । त्यो क्रम यद्यापि कायमै छ। त्यही विवेक अपहरण गरेर कम्युनिस्टका नाममा नेता हुन प्रतिस्पर्धा नै चलिरहेको छ। पार्टीको मूल जरोमै प्रहार हुँदा पनि कांग्रेसबाट 'काउन्टर अट्याक' हुनसकेको छैन, गर्न खोज्नेलाई पनि प्रतिबन्ध लगाइएको छ। हो, यस्तै क्राइसिसमा चाहिने हो- 'भिजनरी लिडर।' त्यो आउन सकेन, आउने कुनै संकेत पनि छैन।

पार्टीको महासमिति बैठक पटक-पटक सर्दै र अनिश्चित हुँदै गर्दा पनि कांग्रेसबारे प्रजातन्त्रका पक्षधरहरू बीच निरन्तर बहस चलिरहेको छ। मुलुकमा प्रजातान्त्रिक संस्कार, सभ्यता, नैतिक मूल्य र मान्यताको बलियो जग खडा गर्ने मूल मन्त्र सहित ७५ वर्षअघि स्थापित यो पार्टी सत्ता, सत्ता अनि सत्ताको मोजमस्तीले सैद्धान्तिक रूपमा पूर्णतः स्खलित छ।

राणाको पिंजडाबाट कष्टपूर्ण रूपमा फुत्किएर अंकुराएको पार्टी फेरि त्यही पिंजडामा कैद हुन पुगेको भन्दै विरोधका आवाज घन्किरहेका छन् । त्यसको विरोधमा बेला-बेला एकाध झिल्का निस्किए पनि आफैं स्वतः विलाएर गएका छन् । जीवनको उत्तरार्धमा रहेको गैंडाको खागरूपी नेतृत्वबाट इतिहासको त्यो विरासत बुझ्ने कोसिस भइरहेको छैन, सलहहरूको दबाबकै कारण। अझै पनि दासरूपी सलहहरूको एक्का भएर कथित कम्युनिस्टको जनवादी गीतमा प्रजातान्त्रिक समाजवादको सपना देखिरहेको छ।

प्रजातान्त्रिक समाजवादको मूल मर्म राजनीति र विकास प्रक्रियामा सहभागी नभएका, हुन नपाएका, आधारभूत आवश्यकताबाट वञ्चित, सामाजिक असमानता र शोषणले पिल्सिएका नागरिकलाई अधिकार, अवसर र सामाजिक न्याय प्रदान गर्नु हो । मुलुकको उत्पादनशील शक्ति र ऊर्जालाई उद्घाटित गर्नु पनि हो। उत्पादनशील शक्ति र ऊर्जाको विस्फोट गराउन नसक्ने व्यवस्थाबाट प्रजातान्त्रिक समाजवादको सपना पूरा हुन सक्दैन। उत्पादन र वितरण प्रणालीमा राज्य वा समाजको नियन्त्रण नै वास्तविक समाजवाद हो । तर व्यवहारमा राज्यका स्रोत र साधनमा दलका एक्काहरूको बाँडफाँट नै वास्तविक समाजवाद भएको छ।

कांग्रेसको अहिलेको चरित्रले उसले आफ्नो मूल बाटो कुन थियो भन्ने पूर्णतः बिर्सिसकेको छ। परिवर्तनका लागि लडेकाहरूको आवाजको सुनुवाइ नहुने ठाउँमा समाजवादको कल्पना गर्न सकिन्न पनि । प्रजातान्त्रिक समाजवाद आफ्नै प्रधान शत्रुले स्थापना गरिदिन्छ भन्ने भ्रममा कांग्रेसले कतिन्जेल निष्ठावान कार्यकर्तालाई आफ्नो पछि लगाइरहने ? जीवनको अन्तिम क्षणमा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई आफूहरूको रगत-पसिनाबाट सिञ्चित कांग्रेसले गलत बाटो लिएको भनेर धुरुधुरु रोई पार्टीबाटै अलग भए । अहिलेको नेतृत्व पनि तत्कालीन नेतृत्वको पेलाइ र हेपाइ सहन नसकेको भनेर छुट्टै पार्टी गठन गरी अलग भएको थियो। आज आफू त्यो ठाउँमा पुग्दा पनि विवेक प्रयोग गर्न सकेन। नेतृत्वले पार्टीको आन्तरिक राजनीतिमा विवेकको एकल प्रयोग नगर्दा राजनीति मुलुक र पार्टी हितमा भइरहेको छैन । पार्टीभित्रको प्रतिपक्ष बाहिर हेर्दा संगठनबारे चिन्तित देखिए पनि नेतृत्व हात पार्ने बाहेक कुनै विश्वासिलो एजेन्डा ऊसँग देखिएको छैन, विरोधको संस्कार बाहेक।

नागरिक झुक्याउने शैलीको राजनीति गर्नेहरूको कुरा छाडौं, बहुदलीय व्यवस्थाको जरो गाड्ने नेपालको पुरानो भनिएको कांग्रेस सिद्धान्त, नीति र गन्तव्यविहीन भइदिंदा मुलुकमा पार्टी राजनीति बाँकी रहँदैन भन्ने आवाज मुखरित भइरहेका छन् । पार्टीको नेतृत्वपंक्ति बदलिंदा दलीय व्यवस्था स्थिर हुन्छ भने कांग्रेस त्यो बाटो हिंड्न तयार हुनुपर्छ । पार्टीको विरासत आफूले चाहेको पात्रमा लैजाने अभीष्ट हो भने भारतीय कंग्रेस आईको बाटो त सुरक्षित छँदैछ।

तदर्थवादलाई टिकाउँदा भ्रष्टाचार र कामचलाउ प्रवृत्तिले संरक्षण पाउने हो । एजेन्डामा बाँधिएको पार्टी तदर्थवादमा आउनु भनेको ठूलो नोक्सानी हो। जुन आज मुलुकले बेहोरिरहेको छ। यो विषयलाई अझै अनदेखा गरिएको छ। पार्टी संगठन के हो, पार्टी किन र केका लागि गठन भएको हो, पार्टीमा क्रियाशील कार्यकर्ताको भावना के छ, गुट-उपगुटको सम्बोधन कसरी गर्ने भन्ने विषयमा कांग्रेसले कहिल्यै बहस गर्ने चाहेन । यही कारण संगठन नाजुक हुँदै गएको छ तर नेतृत्वले केही गर्न सक्दैन। दासरूपी सलहहरूको मात्रै नेतृत्व गरेर पार्टीमै कमान्ड हुँदो रहेनछ भन्ने पछिल्लो उदाहरण 'कोशी विद्रोह' हो । प्रदेश सरकार गठनमा केन्द्रीय नेतृत्वको भूमिका र पकड देखिएन। पार्टी खिइँदै गइरहेको छ भन्ने पछिल्लो प्रमाण अन्यत्र खोज्न जानुपर्छ र ? यो एजेन्डा सेटिङमा नेतृत्व असफल हुनुको नतिजा हो । बाह्य जगत र अन्तरपार्टी राजनीतिमा मात्रै होइन पार्टीको आन्तरिक जीवनमा पनि एजेन्डा सहित प्रस्तुत हुन नसकेपछि दलको भूमिका खुम्चिंदै जानु स्वाभाविक हो।

नेतृत्वले लिएको एजेन्डाको अपनत्व लिने मान्छे किन भएन त ? एजेन्डामा आधारित नभएर पार्टी तदर्थवादमा केन्द्रित भएको यसबाट पुष्टि हुन्छ । तदर्थवाद लामो समय टिक्दैन । तदर्थवादलाई टिकाउँदा भ्रष्टाचार र कामचलाउ प्रवृत्तिले संरक्षण पाउने हो । एजेन्डामा बाँधिएको पार्टी तदर्थवादमा आउनु भनेको ठूलो नोक्सानी हो। जुन आज मुलुकले बेहोरिरहेको छ। यो विषयलाई अझै अनदेखा गरिएको छ।

एजेन्डामा टिक्न नसक्दा भारतीय कंग्रेस आईको अवस्था दयनीय बनेको छ । भारतीय स्वतन्त्रता आन्दोलनसँग जोडिएको पार्टी भएर पनि अहिले कर्नरमा धकेलिएको छ। छिमेकतिर हेरेर पनि पाठ सिक्नुपर्ने होइन र ? हो, कांग्रेस पतन भयो भने के होला ? त्यही बुझ्नेहरू र कांग्रेसलाई गाली गर्नेहरू नै उसैका भोटबैंक भइरहेका छन् । जो कम्युनिस्ट हुन सक्दैन, कांग्रेसको क्रियाकलाप मन पर्दैन, तैपनि भोट हालिरहेको छ । मतदाताको चरित्र बुझ्नुपर्छ । पार्टीले मन पराएर र विकल्प नभएर मत दिनेहरूको पहिचान गर्न सकेन भने अब भारतीय कंग्रेसको बाटो हिंड्नबाट कसैले छेक्न सक्दैन।

अहिले संक्रमणको अवस्था छ। माओवादी सशस्त्र संघर्षका भाष्यकारले नै अब कम्युनिस्ट प्रणाली भन्ने नै रहँदैन भन्ने दावी गरेकाले कांग्रेस रूपान्तरणका लागि योभन्दा ठूलो अवसर केही हुन सक्दैन। तदर्थवादमा रुमलिरहने हो भने पार्टीको क्षयीकरण निश्चित छ । क्षयीकरणको बाटोमा जाने कि एजेन्डा बेस पार्टीमा फर्किने ? विकल्प रोज्न धेरै समय बाँकी छैन। एजेन्डा बेसमा जाँदा अप्रिय निर्णय पनि लिन सक्नुपर्छ। पार्टीको भविष्य यही अप्रिय निर्णय लिन सक्नुमा छ। तदर्थवाद चलिरहन्छ, व्यक्तिगत रूपमा चलिरहन्छ तर त्यसले पार्टी सकिन्छ। पार्टी सकिनु भनेको मुलुककै लागि ठूलो नोक्सान हो । त्यसो त कांग्रेस मात्र होइन एजेन्डा निर्माण कुनै पार्टीले पनि गरिरहेका छैनन्। यसको पहिलो जिम्मा कांग्रेसले लिएन भने मुलुक गम्भीर अप्ठेरोमा पर्ने छ।

हो, गुट र उपगुटको पक्षमा लाग्नेहरू एजेन्डामा आउन सक्दैनन्, एजेन्डामा आउँदा राजनीति सकिन्छ किनकि जनाधार नहुनेहरू गुट, उपगुटको छहारीमा रमाउँछन्। एजेन्डामा आउँदा जनमत बलियो हुनेहरू नेतृत्वमा अगाडि आउँछन् भन्ने चिन्ता नेतृत्वलाई घेरा हालेर बस्नेहरूलाई छ। यसबाट बाहिर निस्कन नसक्ने वा नचाहने हो भने आफ्नो राजनीति मात्र होइन पार्टी नै सकिनेछ। पार्टीको भविष्य जोगाउन पनि नयाँको भूमिकालाई सम्मान सहित ठाउँ दिन सक्नुपर्छ । नेतृत्वमा देखिएको पारिवारिक विरासतको कल्पना पार्टी समाप्त पार्ने अस्त्रमा परिणत हुनसक्छ, यस्तो अवस्थामा पदाधिकारी थप्ने खेल खेलाइनु आफैंमा कांग्रेसका लागि घातक छ। झन् राष्ट्रिय सभा निर्वाचन नजिकिंदै गर्दा जनताबाट पटक-पटक बहिष्कृत अनुहारहरूमा देखिएको चमकधमक र भ्रष्टाचारको अभियोग लाग्नेहरूलाई चोख्याउने खेलले कांग्रेसको ओरालो यात्राको संकेत गरिरहेको छ । यसबाट पार्टीलाई जोगाउन नेतृत्वले विवेक प्रयोग गरेन भने 'समुदायमा कांग्रेस' अभियान फलदायी नहुन सक्छ।

# ‘दलभन्दा ठूला जनता हुन’ : सांसद कार्की

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा सदस्य डा चन्दा कार्की (भण्डारी)ले जनप्रतिनिधि जनतामा मुद्दामा दलभन्दा माथि उठ्न सक्नुपर्ने बताएकी छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद डा कार्कीले देश र जनताको हितका लागि सबै राजनीतिक दल एक ठाउँमा उभिनसक्नुपर्छ भनीन् । “हामी किन दलभन्दा माथि उठ्न सक्दैनौं ? दलले गलत कुरा गर्छ भने त्यसको विरोधमा उत्रिनुपर्छ”, उनले भनीन्, “तर कुनै पनि दलले देश र जनताको हितमा बोल्छ भने एक भएर काम गर्नसक्नुपर्ने हो ।”

दलीय ह्वीपका कारण पनि सांसद स्वतन्त्र निर्णय गर्न नसक्ने अवस्था रहेको उनको भनाइ छ । “सातवटा प्राज्ञिक प्रतिष्ठानमा उच्च पदाधिकारीको चयन भइरहँदा ३२ पदाधिकारीमा एकजना महिला पर्नुभएन । योग्य र क्षमतावान महिला नभएका भने होइनन्”, संसदीय अभ्यासको एक वर्षको अनुभूति साट्दै उनले सुनाईन्, “त्यही कुरा सदनमा उठाउँदा मेरो पार्टीका सांसदमात्र सहमत हुने र अन्य दलका महिला सांसद त्यसमा समर्थन जनाउन सक्नुहुन्न, किनकि उहाँहरूलाई पार्टीको ह्वीप लाग्छ ।”

अर्कातर्फ उनले संसदभित्रै पनि महिला सांसदपछि पार्न खोजिएको महशुस हुने बताईन् । “हामी दुई सय बढी सांसद छौं । तर काम गर्ने बेला अरु सबै सांसद निरीह भएर बसेको हुन्छ”, उनले भनीन्, “अग्रभागमा पुरुषहरूमात्र छन् । महिलाहरू नगन्य छन् । महिलालाई अगाडि आउन दिइएको छैन । त्यही पार्टीको १०-१५ जनाले निर्णय गर्ने र सदन चलाउने हो भने राज्यले दुई सय ७५ जनामा किन खर्च गर्नु ?” प्रसूति एवं स्त्रीरोग विशेषज्ञका रूपमा ३५ वर्ष सेवा गर्नुभएको डा कार्कीका लागि यो पहिलो संसदीय अभ्यास हो । स्वास्थ्य सेवामा लामो समय बिताएका उनी राजनीतिक गतिविधिसँग अभ्यस्त भए पनि यसअघि आफूसँग राजनीतिका लागि समय नभएको जानकारी दिईन् । “मैले राजनीति गर्छु भनेर सोचेको थिइनँ । यो एउटा सुन्दर संयोग थियो”, उनले भनीन् । सरकारी चिकित्सकका रूपमा १५ वर्ष देशका विभिन्न स्वास्थ्य सस्थामा काम गर्नुभएकी डा कार्कीले पछिल्ला समय काठमाडौं मेडिकल कलेजको प्रधानाध्यापक, प्रमुख कार्यकारी अधिकृत र वरिष्ठ प्रसूति एवं स्त्रीरोग विशेषज्ञको भूमिकामा २१ वर्ष काम गरिन् ।

उनले भनीन्, “उक्त कलेज खरिद बिक्रीका क्रममा मैले राजीनामा दिएँ । त्यही बेला नयाँ राजनीतिक पार्टी रास्वपाको उदय हुँदै थियो, उहाँहरूसँग कुराकानीका क्रममा समाज र देशलाई केही दिन सक्छु भन्ने हुटहुटीले जोडेको हो । मेरो राजनीतिक यात्रा त्यहीँबाट सुरु भयो ।” रास्वपाबाट समानुपातिक सांसद डा कार्कीले विधायिकाको रूपमा पहिलो वर्ष सिकाइ र अध्ययनमा धेरै केन्द्रित भएको जानकारी दिईन् । विधायिकाका लागि अध्ययनशील बानीको विकास अनिवार्य भएको उनको बुझाइ छ ।



“म राजनीति गरेरै यहाँसम्म आएको होइन । तर चिकित्सकीय भूमिकामा मात्र होइन, जनप्रतिनिधिका रूपमा पनि धेरै अध्ययन जरुरत देखें । संविधान, प्रतिनिधिसभाका नियमावली, संसदीय अभ्यास र सम्बन्धित प्रचलित ऐन कानुन अध्ययन गर्न समय खर्चिएँ”, उनले बताईन्, “अध्ययनसँगसँगै संसदीय अभ्यास गर्यौं र नयाँ पार्टी भएकाले पार्टी विस्तारमा पनि केही समय खर्चिएकै हो ।”

संवादका क्रममा ६५ वर्षीया सांसद कार्कीले एक वर्षको संसदीय अनुभवलाई सिकाइका दृष्टिकोणबाट अर्थपूर्ण रहेको बताईन् । राज्य व्यवस्था तथा सुशासन समितिको सदस्यसमेत रहेकी सांसद कार्कीले कानुन निर्माणमा आफूले कुनै पनि प्रयासमा नचुकेको दाबी गरिन् । तर सदनबाट एक वर्षमा एक विधेयकमात्र पास भएकोप्रति भने उनी सन्तुष्ट छैनन् ।

उनले विशेषत स्वास्थ्य, शिक्षा र भ्रष्टाचार सम्बन्धित विषयमा सदनमार्फत सरकारको ध्यानाकर्षण गराउँदै आएकी छन् । भ्रष्टाचार नै समस्याको मूल जड भएको उनको भनाइ छ । उनले भनीन्, “स्वास्थ्य, शिक्षा र रोजगारीको प्रवर्द्धन गर्नुपर्ने राज्य नै भ्रष्टाचारमा लिप्त हो कि भन्ने आशङ्का आमजनतामा उब्जिएको छ । विद्यमान समस्या र चुनौती कसरी समाधान गर्ने भन्नेमा कसैको ध्यान छैनजस्तो देखिन्छ ।”

आमजनतामा सरकार र समग्र नेपाली राजनीतिक दलप्रति अविश्वासको खाडल बढ्दै गएकोप्रति उनले चिन्ता व्यक्त गरिन् । जनभावनाअनुरुप काम गर्न अहिलेको नेतृत्व चुकेको उनको बुझाइ छ । उनले भनीन् “जनप्रतिनिधि सबै बसेर विभिन्न समस्या र चुनौतीको समना एवं समाधानका लागि छलफल गर्ने अभ्यास कम छ । तर सदन दलहरूबीचको वक्तृत्वकलाको प्रतिस्पर्धाजस्तो हुँदै आएको छ ।” उनले संसद्को विभिन्न समयमा जनसरोकारका विषयप्रति सरकारको ध्यानाकर्षण गराउन पनि सम्बोधन हुन नसकेको बताईन् । “स्वास्थ्यमा यस्ता धेरै विषय उठाए जुन सुन्दा सामान्य लागे पनि त्यसको गहिरो प्रभाव आममानिसमा परिरहेको छ, त्यस्ता विषयमा राज्य गम्भीर बन्न सकिरहेको छैन”, उनले भनीन्, “आफू सरकारमा नहुँदा ‘डेलिभर’ गर्न ग्राहो छ । बोल्दामात्र सरकारले कति विषय सुन्दैन, कतिपय अवस्थामा निरीह महसुस हुन्छ ।”

उनले स्वास्थ्य क्षेत्रको सुधारका लागि प्रणालीको विकास गर्नुपर्नेमा जोड दिईन् । सरकारी अस्पतालप्रति जनताको विश्वास आर्जन गर्न स्वयं नेतृत्वले सरकारी अस्पतालबाट सेवा लिनुपर्ने उनको भनाइ छ । “यदि हाम्रो स्वास्थ्य संस्था सुधार्नु छ भने देशका शीर्षनेता एवं उच्च पदाधिकारीलाई देशभित्रकै सरकारी अस्पताल जानुपर्ने कानुन निर्माण गर्नुपर्ने कुरा उठाउँदै आएको छु”, उनले भनीन् । शिक्षा र स्वास्थ्य क्षेत्रमा राजनीतिको प्रवेशले धेरै कुरा बिग्रिएको उनको धारणा छ । उनले स्वास्थ्यमा दरबन्दी थप्ने, स्वास्थ्यकर्मीको पारिश्रमिकमा मूल्याङ्कन र समीक्षा गर्नुपर्ने बताईन् । उनले स्वास्थ्य बीमालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै चिकित्सक एवं स्वास्थ्यकर्मीप्रतिको बुझाइमा सकारात्मक सोच आवश्यक भएको बताईन् ।

“स्वास्थ्य संस्था राम्रो हुन चिकित्सकमात्र आवश्यक छ भन्ने बुझेका छौं । तर स्वास्थ्य संस्था भनेको पियनदेखि सबै स्वास्थ्यकर्मी जरुरत हुन्छ”, उनले भनीन्, “चिकित्सा शिक्षाको महँगो शुल्क नघटाउने तर स्वास्थ्यकर्मी र चिकित्सकको पारिश्रमिक एवं सेवा-सुविधालाई नहेरिदिँदा उहाँहरूलाई प्रोत्साहन मिल्दैन ।”

संवादका क्रममा उहाँले संसदीय तालिका बनाउनुपर्ने बताईन् । “हामीले संसद्मा पटक-पटक ‘क्यालेण्डर’को माग गरिरहेका छौं । यो वर्षमा हामीले के-के काम गर्छौं, त्यसको तालिका त हुनपर्यो नि”, उनले भनीन्, “जनतालाई भेट्न देशका दूरदराज पुगिरहँदा यहाँ सदन सुरु भएको थाहा हुँदैन । कतिपय अवस्थामा बिहान ११ बजे बोलाएर बैठक साँझ ५ बजेसम्म बस्न सक्दैन ।”महोत्तरीको औरहीमा जन्मीएकी उनले विद्यालयको प्राथमिक शिक्षादेखि उच्च शिक्षा हासिल गर्न र चिकित्सक बन्न धैरै सङ्घर्ष गर्नुपर्यो । “छोरीलाई पढाउनु हुँदैन भन्ने त्यो समयबाट चिकित्सा क्षेत्रको उच्च पदाधिकारी तहसम्मको मेरो यात्रा अवश्य पनि सहज थिएन”, उनले बताईन् ।

कक्षा ७ मा अध्ययन गर्दैगर्दा आमाको उपचारका लागि काठमाडौं आएपछिका दिनको स्मरण गर्दै उनले भनीन्, “त्यो समयमा गाउँमा स्वास्थ्यकर्मीको अभावका कारण आमाको उपचारका लागि काठमाडौं आउन बाध्य भयौं । काठमाडौंमा मधेसको केटी भनेर भर्ना लिन मानेन । मेरो मामाले पद्मकन्या डिल्लीबजारमा जसोतसो भर्ना गर्दिनुभयो ।” विद्यालय जीवनमा सधैं प्रथम भएको उनले देशभित्रै पर्याप्त रोजगारी र सुनिश्चित भविष्यको आधार नबनाएसम्म युवा विदेश पलायन रोक्न नसकिने गुनासो गरिन् । “नेताज्यूहरूले जेल गएको आन्दोलनको अनुभव सुनाउछिन् । उहाँहरूको राजनीतिक कर्मसँगसँगै हामी जनताले भोग्नुपरेका अनुभुति पनि कम छैनन् जस्तो लाग्दछ मलाई”, उनले भनीन्, “रोजगारीको अभावमा नेपालीहरू विदेशिन बाध्य छन् । मैरै बालबच्चा बाहिर जान्छन् मैले रोक्न सक्दिनँ । यहाँ रोजगारी र भविष्य सुनिश्चित गर्नसके कसलाई आफ्नो सन्तान बाहिर पठाउन मन हुन्छ ?”

# प्रतिपक्षको भूमिका निर्वाह गर्ने लिङ्देनको प्रस्ताव

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को केन्द्रीय कार्यसमितिको तीन दिने बैठक काठमाडौंको धुम्बाराहीस्थित एसआर बैङ्क्वेटमा आइतबार बिहानदेखि जारी छ । बैठकको प्रारम्भमा अध्यक्ष राजेन्द्र लिङ्देनले राप्रपाले सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने प्रस्ताव पेस गरेका छन् ।



अध्यक्ष लिङ्देनले सत्ता केन्द्रीत नभइ आमजनता, शुभेच्छुक, शुभचिन्तकको परिवर्तनको चाहना र देशको अवस्थालाई ध्यान दिई सडक सङ्घर्षलाई प्राथमिकता दिने पार्टीको कार्यनीति हुने प्रष्ट पार्नु भएको पार्टीका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार समान विचार भएकासँग एकता तथा सहकार्य आवश्यक रहेको जनाइएको छ ।

बैठकमा महामन्त्री डा धवलसमशेर राणाले वृहत आन्दोलनसम्बन्धी कार्ययोजना, कोषाध्यक्ष नीलकण्ठ काफ्लेले आर्थिक प्रतिवेदन, सचिवालयका मुख्य सचिव केदारबहादुर अधिकारीले सचिवालयसम्बन्धी प्रतिवेदन पेस गर्नुभएको प्रवक्ता एवं प्रचार विभाग प्रमुख श्रेष्ठले बताए । उनले भने, “अहिले प्रदेश प्रमुखले आ-आफ्नो प्रदेशको प्रतिवेदन पेस गर्दै छन् । सबै प्रदेशको प्रतिवेदन पेस भइसकेपछि आइतबारै छलफल प्रारम्भ हुनेछ ।”

# प्रदेश र स्थानीय सरकारबीच समन्वय नहुँदा जनतालाई सास्ती

**टुडे समाचारदाता**

टीकापुर । स्थानीय र प्रदेश सरकारबीच समन्वय नहुँदा विकास निर्माणमा समस्या भएको नागरिकले गुनासो गरेका छन् । प्रदेशसभाका पूर्व सदस्य उमादेवी बादी स्थानीय सरकार र प्रदेश सरकारबीच सम्बन्ध राम्रो नभएको अनुभव आफूले पनि गरेको बताए । “ प्रदेश सरकारका कमजोरीसमेत सुधार हुन आवश्यक छ”, उनले भने, “थुप्रै कानुन बनेका छन्, राम्रा काम पनि भएका छन्, थोरै बजेट आए पनि हाम्रै पालिकामा आयो भनी स्थानीय सरकारले पनि प्रदेशलाई सघाउनुपर्छ ।”

उनले दुई सरकारबीच समन्वय नहुँदाको असर विकासमा परेको बताए । “प्रदेश सरकारलाई बलियो बनाउनुपर्छ, प्रदेश सरकारले स्थानीय सरकारले गर्न नसकेका विकासका कार्य प्राथमिकता दिनुपर्छ”, उनले भने, “स्थानीय सरकारभन्दा सानो-सानो बजेटका योजना प्रदेशमा ल्याउँदा स्थानीय सरकारको सहयोग नभएको अवस्था छ ।”

टीकापुर नगरपालिकाका उपप्रमुख खड्कबहादुर शाहले सङ्घ, प्रदेश र स्थानीय तहबीच जीवन्त सम्बन्ध र सहकार्य हुनुपर्ने आवश्यकता रहेको बताए । “सङ्घले प्रदेशमा शक्ति पृथकीकरण गर्नुपर्ने र योजना तीनवटै तहका सरकारको सहकार्यमा गर्न आवश्यक छ”, उनले भने, “प्रदेश सरकारका मन्त्रीले हामीसँग बजेट माग्ने अवस्था छ, अनि कसरी हुन्छ ? ।”

लम्कीचुहाका उपप्रमुख जुना चौधरीले सङ्घीयताका सुन्दर पक्षमा सबैले ध्यान दिनुपर्ने बताए । “अधिकार पाउन अर्थले प्रभाव पार्छ, प्रदेश सरकारसँग रकम अभाव भएकाले समस्या छ । प्रदेशमा सुधार केन्द्र बनाउनेबारे छलफल भयो तर हरेक स्थानीय तहले रकम दिनुपर्छ भन्ने कुरा आयो”, उनले भने, “यसरी कसरी बलियो हुन्छ ।”

टीकापुर बहुमुखी क्याम्पसका सहप्राध्यापक मीनबहादुर शाहीले प्रदेश सरकार बलियो नभएसम्म सङ्घीयता सफल हुन कठिन रहेको बताए । “विभिन्न विवाद र समाधानका लागि सुदूरपश्चिम प्रदेश समन्वय समितिको बैठकको नियमितता हुनुपर्ने हो, बैठक बसेको जानकारी छैन”, उनले भने, “यस वर्ष प्रदेशले स्थानीय तहका प्राथमिकताका योजनामात्र समावेश हुनेछन् भन्यो तर यस वर्ष पनि योजना छनोट पक्रिया नै मिचिएको छ ।”

उपभोक्ता हित संरक्षण मञ्च टीकापुरका अध्यक्ष एकिन्द्र तिमिल्सिनाले तीनै तहका सरकारबीच समन्वय, समझदारी र सहकार्य हुनुपर्ने भए पनि त्यसो नहुँदा समस्या भएको जानकारी दिए । “विकासको वाहक भनेको स्थानीय सरकार हो । तर प्रदेशले पाँच लाख, केन्द्रले पाँच लाख ल्याउने यो जानीबुझी भएको हो । एउटा योजना कार्यान्वयन गर्न पक्रिया, खर्च धेरै हुने गर्छ”, उनले भने, “सुदूरपश्चिममा पर्यटनमा सबैभन्दा बढी बजेट खर्च भयो तर हेर्दा मन्दिरका जगमात्र बनेका छन् ।”

# उपराष्ट्रपतिद्वारा विवाह पञ्चमीको शुभकामना

**टुडे समाचारदाता**

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले विवाह पञ्चमीका अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सु-स्वास्थ्यको कामना गरेका छन् ।



आइतबार एक शुभकामना सन्देश जारी गर्दै उपपराष्ट्रपति यादवलेहरेकवर्षको मङ्सिर शुक्लपक्ष पञ्चमी तिथिमा मनाइने विवाह पञ्चमी, २०८० का अवसरमा सनातन धर्ममा विवाह पञ्चमीको ठूलो महत्व रहेको भन्दै सबैलाई शुभकामना दिए ।

उनले ऐतिहासिक, सांस्कृतिक, धार्मिक र मौलिक अनुष्ठानहरूले सिङ्गो मानवजीवनलाई सत्यनिष्ठा, प्रेम, स्नेह, सहिष्णुता, मेलमिलाप, मैत्रीभाव, कुटुम्बभाव, भाइचारा आदिको सकारात्मक सञ्चार गर्ने विश्वास पनि व्यक्त गरेका छन् ।

उपराष्ट्रपति यादवले विवाह पञ्चमी मनाउँदै गर्दा धर्म, संस्कृति, रीतिरिवाज र परम्पराका नाममा पछिल्लो समय देखासिकी, विकृति र विसङ्गति मौलाउँदै गएको भन्दै त्यसलाई परित्याग गर्न सक्नुपर्ने पनि धारणा राखेका छन् । “लाखौं रकम खर्चेर बनाइने महँगा पण्डाल, ठूलो परिमाणको अनाजबाट मूर्ति बनाउनेजस्ता आयातित र महँगा संस्कृतिले विवाह पञ्चमीको मौलिकता ओझेलमा पर्न सक्छ”, उनले भने, “विवाह पञ्चमीलाई महोत्सवका रूपमा मनाउने तर यो दिन वैवाहिक सम्बन्ध कायम गर्न नहुने जुन भाष्यलाई पछिल्लो समय बढी प्रचारमा ल्याइएको छ त्यसले नकारात्मक सन्देश जान सक्छ, यसप्रति सबैजना सचेत र सावधान हुन अति जरुरी छ ।”

विवाह पञ्चमीको अवसरमा रामजानकी मन्दिर हरूमा भव्य कार्यक्रम आयोजना हुनुका साथै माता सीता र श्रीराम भगवान्को पूजा-उपासना गर्ने परम्परा रहिआएको छ । धार्मिक मान्यताअनुसार यसै तिथिमा भगवान् राम र जनक नन्दनी सीताको शुभविवाह भएको थियो ।

यस अवसरमा मधेस प्रदेशको राजधानी जनकपुरधाम स्वदेश र विदेशका श्रद्धालु, भक्तजन र धार्मिक पर्यटकहरूले खचाखच भरिएको हुन्छ । यो अवसरमा सीताराम स्तुति, कथावाचन, प्रवचन, धार्मिक झा“की, प्राचीन गीतसङ्गीत आदिको आयोजना हुने गर्दछ ।

# हुलाकी राजमार्ग निर्माणमा एसएसबीको अवरोध

**टुडे समाचारदाता**

काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वालाले पश्चिम क्षेत्रस्थित हुलाकी राजमार्ग कालोपत्र गर्ने सिलसिलामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले अवरोध पुर्‍याइरहेको बताएका छन् ।

राष्ट्रियसभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आवश्वासन समितिको आइतबारको बैठकमा उनले कञ्चनपुर, बेलौरी पचुई क्षेत्रमा बाधा पुर्‍याइएको जानकारी दिए ।

मन्त्री ज्वालाका अनुसार त्यस क्षेत्रमा सीमा विवादको पनि केही समस्या छ । त्यसका निमित्त विभिन्न पहल र पत्राचार भइरहेका छन् । निर्माणमा अहिले पनि अवरोध कायमै छ । उनले भने, “बेलौरीको पचुईस्थित नेपाल भारत सीमास्तम्भ रहेको स्थान नेपाली भूभागमा सडक कालोपत्र गर्न समेत भारतीय सुरक्षा बलको अवरोध कायम रहेको पाइएको छ ।” हुलाकी राजमार्गले नेपालको तराई क्षेत्रस्थित पूर्व-पश्चिमका २१ जिल्लालाई छुने गरी निर्माण भइरहेको छ ।



समितिले केही दिनअघि त्यस क्षेत्रको स्थलगत अवलोकन गरी त्यहाँको समस्या समाधानका लागि नेपाल सरकारबाट भइरहेको प्रयासबारे जानकारी लिन भौतिक पूर्वाधारमन्त्रीलाई बैठकमा आमन्त्रण गरेको हो । मन्त्री ज्वालाले भन्नुभयो, “यस विषयमा सहजीकरणका लागि पहल गर्न परराष्ट्र मन्त्रालयलाई अनुरोध गरिरहेका छौं । समस्या समाधान भएसँगै बाँकी खण्डको निर्माण सहज हुन्छ । यस सम्बन्धमा समितिका तर्फबाट पनि सरकार र सरोकारवाला निकायमा ध्यानाकर्षण, पहल र प्रयत्नका लागि अनुरोध गर्नेछु ।”

बैठकमा हुलाकी राजमार्ग निर्देशनालयका निर्देशक अजयकुमार मुलले कञ्चनपुरको ६० किमी क्षेत्रलाई २०/२० किमी क्षेत्रमा विभाजन गरी कालोपत्र काम भइरहेको जानकारी दिए । उहाँका अनुसार सो क्षेत्रमा तीन ठेक्कामध्ये एउटाको ९६ प्रतिशत काम पूरा भएका छ, दोस्रो खण्डको २० किमीमा ठेक्का व्यवस्थापन भएकोमा बेलौरी पचुई-खपती खोला क्षेत्रको एक हजार चार सय मिटर खण्डमा सीमा विवादले काम हुनसकेको छैन ।


निर्माणका क्रममा पूर्वतयारीस्वरूप पानीको निकास गर्दा र पर्खाल लगाउँदा कुनै अवरोध थिएन । कालोपत्रेका लागि ग्राभेल गर्न सुरुआत गर्ने क्रममा भारतीय सुरक्षा बलका तर्फबाट राजमार्ग दशगजा क्षेत्रमा पर्ने जिकिर गर्दै सो सम्बन्धमा यकिन नगरी काम अघि नबढाउन अनुरोध गरिएको छ । सडक आयोजनाले त्यस विषयमा नापी कार्यालय र विभागलाई समेत जानकारी गराएको थियो ।

सो क्षेत्रमा भारतीय सीमातर्फका बीचमा नेपालीकै जग्गा रहेको र खेतीपाती पनि भइरहेकाले काम अघि बढाइएको समितिलाई आयोजना प्रमुख मूलले जानकारी दिए । आयोजनाले निर्माणका क्रममा भएको अवरोध चाँडो खुलाउने कार्यलाई चुनौतीका रूपमा लिएको छ । आयोजनाका अनुसार सो विवादका सम्बन्धमा सम्बन्धित मन्त्रालयमार्फत कूटनीतिक रूपमा पहल हुनुपर्छ । सीमास्तम्भ नं ३८ को स्थान यकिन गरेर समस्याग्रस्त क्षेत्रको छिनोफानो गरी निर्माणअघि बढाउन निर्देशनालयले सम्बन्धित सबैको सहयोगको अपेक्षा गरेको छ ।

सडक अन्यत्र सार्दा नयाँ रेखाङ्कन मात्र नभइ मुआब्जासमेतको उल्झन बढ्ने भएकाले सरकारको ठोस् निर्देशन आएपछि आयोजना कार्यालयले काम अघि बढाउने विषय पनि प्रमुख मूलले संसदीय समितिलाई सुनाउनुभयो । त्यस खण्डमा राजमार्गको भौतिक प्रगति ८० प्रतिशत भइसकेको जनाइएको छ ।

त्यस्तै राजमार्गको शुक्लाफाँट राष्ट्रिय निकुञ्ज क्षेत्र अर्थात् तेस्रो खण्डको २० किमी क्षेत्रमा निर्माणको सुरुआती अवस्थादेखि वातावरणीय अध्ययन पूरा गरेर काम अघि बढाइएको छ । त्यसमध्ये १५ किमी क्षेत्र निकुञ्ज क्षेत्रमा पर्छ जहाँ निर्माण अघि बढाउन विभिन्न प्रावधान छन् । त्यहाँ निर्माण सामग्री सङ्कलन, दिनमा मात्रै काम गर्नुपर्ने बाध्यता छ । त्यस क्षेत्रमा निर्माण उपकरण लैजान पनि अप्ठेरो छ । हरेक पटक सुरक्षा निकायलाई निर्माणसम्बन्धी तथ्यतथ्याङ्क दिनुपर्ने अवस्था छ । सुरुमा राजमार्गका लागि रु चार दशमलव पाँच अर्बको बजेट सुनिश्चितता भएकामा अहिले करिब रु १० अर्ब आवश्यकता छ ।

# विवाह पञ्चमीले सद्भावलाई प्रगाढ बनाउन सहयोग पुर्‍याउँछ : राष्ट्रपति



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले प्राचीनकालदेखि नै मिथिला क्षेत्रमा मनाइने विवाह पञ्चमी पर्वको सांस्कृतिक एवं ऐतिहासिक महत्व रहेको बताउनुभएको छ । विवाह पञ्चमीका अवसरमा आइतबार शुभकामना सन्देश दिँदै उनले यस पर्वले सम्पूर्ण नेपालीमा राष्ट्रिय एकताको भावना जागृत गरी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावनालाई अझ प्रगाढ बनाउन सहयोग पुर्‍याउने विश्वास व्यक्त गरेका छन् ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा साताव्यापीरूपमा मनाइने विवाहपञ्चमी महोत्सवअन्तर्गत वैवाहिक कार्यक्रमलाई मुख्य आकर्षणको केन्द्र मानिने उल्लेख गर्दै राष्ट्रपति पौडेलले यस दिन विवाह उत्सवमा बाजागाजासहित झाँकी, नाचगान प्रस्तुत हुने तथा जन्ती र डोला हेरिने परम्परा रहेको स्मरण गरेका छन् ।

राष्ट्रपति पौडेलले प्राचीन सांस्कृतिक पर्व विवाह पञ्चमीले मुलुकको सामाजिक तथा सांस्कृतिक विविधताबीचको एकता कायम गर्दै राष्ट्रिय एकताको भावना थप सुदृढ गर्न सबैलाई प्रेरणा मिलोस् भनी कामनासमेत गरेका छन् । उनले मौलिक संस्कृतिको संरक्षण एवं संवर्द्धन गरी सबै नेपालीमा सभ्य र सुसंस्कृत समाज निर्माणका लागि अग्रसर हुन विवाह पञ्चमीले उत्प्रेरित गर्ने विश्वास व्यक्त गरेका छन् ।

राष्ट्रपति पौडेल सन्देशमा त्रेतायुगमा भगवान् श्रीराम र माता जानकीको शुभविवाह सम्पन्न भएको विशेष दिनको सम्झनामा मनाइने विवाह पञ्चमीका अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा शुभकामना प्रकट गरेका छन् ।

# लिबियामा ६१ आप्रवासीको मृत्यु भएको आशङ्का

**एएफपी**

त्रिपोली । लिबियाको तटमा डुङ्गा डुब्दा कम्तीमा ६१ आप्रवासी बेपत्ता भएको वा उनीहरूको मृत्यु भएको अनुमान गरिएको आप्रवासीका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) ले शनिबार बताएको छ । आइओएमको लिबिया कार्यालयले एएफपीलाई दिएको विज्ञप्तिमा भनिएको छ, "लिबियाको उत्तरपश्चिमी तटमा जुवाराबाट प्रस्थान भएपछि आप्रवासीहरूको डुङ्गा उच्च छालहरूका कारण डुबेर मृत्यु भएको विश्वास गरिएको छ ।"



जीवितहरूलाई उद्धृत गर्दै नाइजेरिया, गाम्बिया र अन्य अफ्रिकी मुलुकहरूबाट महिला र बालबालिकासहित करिब ८६ आप्रवासी उक्त डुङ्गामा सवार रहेको आइओएमले विज्ञप्तिमा उल्लेख गरेको छ । "२५ जनाको उद्धार गरी लिबियाको हिरासत केन्द्रमा सारिएको छ", आइओएमले भनेको छ । जीवित सबैको अवस्था राम्रो रहेको र उनीहरूलाई आइओएमका कर्मचारीबाट चिकित्सा सहयोग प्राप्त भएको पनि विज्ञप्तिमा उल्लेख छ । इटाली हुँदै युरोप पुग्ने अपेक्षामा खतरनाक सामुद्रिक यात्राको जोखिम उठाउने आप्रवासीहरूका लागि लिबिया र ट्युनिसिया प्रमुख प्रस्थान विन्दु हुन् । संयुक्त राष्ट्रसङ्घीय एजेन्सी आइओएमका अनुसार यस वर्ष ट्युनिसिया र लिबियाबाट एक लाख ५३ हजारभन्दा धेरै आप्रवासी इटाली पुगेका छन् । इटालीका अतिदक्षिणपन्थी प्रधानमन्त्री जियोर्जिया मेलोनीले अवैध आप्रवासन रोक्ने वाचा गरेपछि गत वर्ष निर्वाचन जित्नुभएको थियो । मेलोनीको कट्टर-दक्षिणपन्थी सरकारले उत्तरी अफ्रिकाबाट खतरनाक सामुद्रिक यात्राको प्रयास गर्ने मानिसहरूलाई बचाउने परोपकारी जहाजहरूको गतिविधिमाथि प्रतिबन्ध लगाउन धेरै उपाय लिएको छ ।

अवैध आप्रवासनसँग सामना गर्ने उहाँको दृष्टिकोणलाई शनिबार रोमको भ्रमणका क्रममा बेलायती प्रधानमन्त्री ऋषि सुनकले पनि प्रशंसा गर्नुभएको छ । दुवै नेताले आ-आफ्ना मुलुकका तटहरूमा आप्रवासी डुङ्गाहरूको अवतरणलाई रोक्ने र मानव तस्करहरू विरुद्ध लड्ने प्रयासलाई तीव्रता दिइने वाचा गर्नुभयो । संयुक्त राष्ट्रसङ्घले केन्द्रीय भूमध्यसागरीय आप्रवासन मार्गलाई संसारको सबैभन्दा घातक मानेको छ । उक्त मार्गबाट प्रत्येक वर्ष सयौँ मानिसको ज्यान जाने गरेको छ । आइओएमका प्रवक्ता फ्लाभियो डि जियाकोमोले शनिबार सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "यस वर्ष केन्द्रीय भूमध्यसागरीय मार्गमा दुई हजार दुई सय ५० भन्दा बढीको मृत्यु भएको छ, यो नाटकीय तथ्याङ्कले समुद्रमा जीवन बचाउनका लागि पर्याप्त काम भइरहेको छैन भन्ने देखाउँछ ।"

लिबियाबाट इटाली हुँदै सात सय ५० सवार माछा मार्ने डुङ्गा एड्रियाना जुन १४ मा दक्षिणपश्चिम ग्रिसको अन्तर्राष्ट्रिय जल क्षेत्रमा डुबेको थियो । उक्त दुर्घटनामा बाँचकेकहरूका अनुसार डुङ्गामा मुख्यरूपमा सिरियाली, पाकिस्तानी र इजिप्टेली सवार थिए । तीमध्ये एक सय चार जना मात्र बाँच्न सफल भए भने ८२ शव फेला परे । नाटो समर्थित विद्रोहमा लिबियामा तानाशाह मुअम्मर गद्दाफीलाई सत्ताच्यूत गरी हत्या गरिएपछिको एक दशकभन्दा धेरै समयदेखि जारी हिंसाले मुलुकलाई मानव तस्करहरूका लागि उर्वर भूमिमा परिणत गर्न सहयोग गरेको छ ।

# पाकिस्तानमाथि अस्ट्रेलियाको सानदार जित

**टुडे समाचारदाता**

जनकपुरधामापाकिस्तानविरूद्धको पहिलो टेस्टमा अस्ट्रेलियाले ३६० रनको सानदार जित हात पारेको छ ।




आइतबार पर्थमा चौथो दिनमै खेल जित्ने क्रममा ४५० रनको विशाल लक्ष्य पछ्याएको पाकिस्तानलाई अस्ट्रेलियाले ८९ रनमै अलआउट गर्‍यो । दोस्रो इनिङ्गसमा पाकिस्तानका लागि साउद सकीलले सबैभन्दा बढी २४ रन जोड्न सके । बलिङमा अस्ट्रेलियाका मिचेल स्टार्क र जोश हजलउडले ३-३ विकेट लिए। नाथान लियोनले २ विकेट हात पारे। २ विकेट लिएसँगै नाथान टेस्ट क्रिकेटमा ५०० विकेट पूरा गर्ने तेस्रो अस्ट्रेलियन बलर बने । अहिलेसम्म टेस्टमा नाथनसहित ८ खेलाडीले ५०० विकेट लिएका छन्। अस्ट्रेलियाका लागि यसअघि शेन वान र ग्लेन म्याग्राले ५०० विकेट पूरा गरेका थिए । टेस्टमा सर्वाधिक विकेट लिने कीर्तिमान श्रीलंकाका मुथैया मुरलिधरनको नाममा छ । उनले ८०० विकेट लिएका थिए ।

लियोनले ५०० विकेट पूरा गर्नुअघि अस्ट्रेलियाले दोस्रो इनिङ्समा ५ विकेटको क्षतिमा २३३ रन बनाएर इनिङ्स समाप्तीको घोषणा गरेको थियो। जसका कारण पाकिस्तानले ४५० रनको विशाल लक्ष्य पाएको थियो । यसअघि पहिलो इनिङ्गसमा अस्ट्रेलियाले ४८७ र पाकिस्तानले २७१ रन जोडेका थिए ।

# गाजाको अल-शिफा अस्पतालमा 'रगतको खोलो'

**एएफपी**

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले इजराइली बमबारीबाट ध्वस्त उत्तरी गाजाको अल-शिफा अस्पतालको आपत्कालीन विभागमा 'रगतको खोलो' बगेको र यसको 'पुनरुत्थानको खाँचो' रहेको आइतबार बताएको छ। डब्लुएचओ र अन्य संयुक्त राष्ट्रसङ्घीय एजेन्सीहरूको एउटा टोली शनिबार प्यालेस्टिनी क्षेत्रको सबैभन्दा ठूलो अस्पतालमा चिकित्सा आपर्ति पुर्याउन सक्षम भएको छ ।

"हजारौँ विस्थापितहरू आश्रयका लागि अस्पतालको भवन र मैदान प्रयोग गरिरहेका छन्, पिउने पानी र भोजनको 'चरम अभाव' छ", डब्लुएचओले विज्ञप्तिमा भनेको छ, "टोलीले आपत्कालीन विभागलाई 'रगतको खोलो' का रूपमा वर्णन गरेको छ, उक्त विभागमा सयौँ घाइते बिरामी थिए र प्रत्येक मिनेटमा नयाँ बिरामी आइरहेका थिए, आघातबाट घाइते बिरामीहरूलाई जमिनमा टाँका लगाइरहेको थियो र दुखाइ कम गर्ने कुनै व्यवस्था थिएन ।"

अस्पतालले अत्यन्त कम कर्मचारीहरूका साथ न्यूनतमस्तरमा काम गरिरहेको भन्दै डब्लुएचओलेगम्भीर बिरामीहरूको शल्यक्रियाका लागि अल-अहली अरब अस्पतालमा सार्ने काम भइरहेको बताएको छ । अक्सिजन र आपूर्तिको कमीका कारण अपरेटिङ थिएटरले काम नगरिरहेको पनि विज्ञप्तिमा उल्लेख छ । डब्लुएचओले भनेको छ, "यो पुनरुत्थानको आवश्यकता रहेको अस्पताल हो ।" अस्पतालमा दैनिक ३० बिरामीले मात्र डायलासिस गर्न पाउँछन् । अक्टोबर ७ मा इजराइली क्षेत्रमा हमासले गरेको अभूतपूर्व हमलापछि इजराइली सेनाले गरेको बमबारी र स्थल कारबाहीबाट गाजापट्टीमा सबै स्वास्थ्य पूर्वाधारमा व्यापक क्षति भएको छ ।

इजराइली अधिकारीहरूको पछिल्लो आँकडाअनुसार हमासको हमलामा अधिकांश सर्वसाधारणहित करिब एक हजार एक सय ४० मानिसको मृत्यु भएको थियो । हमासले दुई सय ४० जनालाई बन्धकसमेत बनाएको थियो । हमासका अनुसार गाजामा इजराइलको जवाफी हमलामा अधिकांश महिला तथा बालबालिकासहित १८ हजार आठ सयको मृत्यु भएको छ । इजराइलले हमासमाथि अस्पतालमुनि कमान्ड सेन्टर सञ्चालन गरेको आरोप लगाएको छ । उक्त अस्पताललाई युद्धको कानूनअन्तर्गत विशेष सुरक्षा प्राप्त छ । अस्पतालका अधिकारी र प्यालेस्टिनी लडाकू समूह हमासले बारम्बार उक्त आरोपलाई खारेज गरेका छन् ।

पूर्वाधार सेवाहरू पुनः सुरु गर्न 'आगामी साताहरूमा' अल-शिफा अस्पताललाई सुदृढ गरिने डब्लुएचओले बताएको छ । "आवश्यक कर्मचारीका साथ इन्धन, अक्सिजन, औषधि, भोजन र पानीको नियमित आपूर्ति प्रदान गरिने हो भने अस्पतालमा २० अपरेटिङ थिएटरका साथै पोस्ट-अपरेटिभ हेरचाह सेवाहरू पनि सक्रिय बनाउन सकिन्छ", डब्लुएचओले भनेको छ । हाल अल-अहली अरब गाजापट्टीको सम्पूर्ण उत्तरमा 'आंशिकरूपमा काम गर्ने' एउटा मात्र अस्पताल हो ।

# नाटोको सदस्यतापछि फिनल्यान्डसँग 'समस्या' आउने पुटिनको चेतावनी

**एएफपी**

मस्को । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यस वर्षको प्रारम्भमा नाटोमा सामेल भएपछि छिमेकी मुलुक फिनल्यान्डसँग 'समस्या' हुने चेतावनी दिनुभएको छ । उहाँले जवाफमा मस्कोले उत्तर-पश्चिम रुसमा नयाँ सैन्य जिल्ला बनाइने बताउनुभएको छ ।



रुससँग एक हजार तीन सय ४० किलोमिटर (आठ सय ३० माइल) सीमा साझा गर्ने फिनल्यान्ड यस वर्षको अप्रिलमा युक्रेन हमलाका बीच नाटोमा सामेल भएको थियो । "उनीहरू (पश्चिम) ले फिनल्यान्डलाई नाटोमा ताने, के हाम्रो तिनीहरूसँग कुनै विवाद छ ? बिसौँ शताब्दीको मध्यमा क्षेत्रीय विवादसहित सबै विवाद लामो समयदेखि सुल्झिसकेका छन्", पुटिनले एक सरकारी टेलिभिजन रिपोर्टरसँग भन्नुभयो, "त्यहाँ कुनै समस्या थिएन, अब हुनेछ किनकी हामी लेनिनग्राड सैन्य जिल्ला बनाउने छौँ र त्यहाँ निश्चित सङ्ख्यामा सैन्य एकाइहरू केन्द्रित गर्नेछौँ ।"फिनल्यान्डले रुसमाथि आप्रवासी सङ्कट उत्पन्न गरेको आरोप लगाउँदै रुससँगको आफ्नो सीमा पुनः बन्द गरेपछि पुटिनको यस्तो टिप्पणी आएको हो । मस्कोले हेलसिन्की नाटोमा सामेल भएकामा जवाफी कदम चाल्ने चेतावनी दिएको छ ।

रुससँग नाटो मुलुकहरूसँग युद्ध गर्नुपर्ने कुनै कारण नभएको पुटिनले बताउनुभयो । अमेरिकी राष्ट्रपति जो बाइडेनले यसै महिना यदि युक्रेनमा सफल भयो भने मस्को त्यहाँ 'नरोकिने' चेतावनी दिनुभएको थियो । "रुसबारे गलत नीतिलाई औचित्य साबित गर्न यो बयानबाजी हो", पुटिनले भन्नुभयो। मस्कोलाई नाटो मुलुकहरूसँग लड्न भूराजनीतिक, आर्थिक वा सैन्य दृष्टिले कुनै चासो नभएको उहाँले बताउनुभयो । क्रेमलिनको युक्रेन अभियानले नाटोको पूर्वी हिस्सामा रुसी आक्रमणको डरलाई पुनः जागृत गरेको छ ।

# ५ खेलाडीलाई फिनिक्स कलेजको पूर्ण छात्रवृत्ति



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल राष्ट्रिय क्रिकेट टिमका उदयीमान ५ क्रिक्रेट खेलाडीहरुलाई फिनिक्स कलेजले पूर्ण छात्रवृत्ति दिने भएको छ ।

कलेज नेटवर्कका निर्देशक राजु टण्डनले राष्ट्रिय टिमका ब्याट्समयान कुशल मल्ल, विवेक यादव, पवन शराफ, मौषम ढकाल र प्रतिश जिसीलाई ४ वर्षे बिबिए अध्ययनको लागि पूर्व छात्रवृत्ति प्रदान गरेको बताए ।

निर्देशक टण्डनले राष्ट्रिय क्रिकेट खेलाडीहरुले खेल मैदानमा देखाएको प्रदर्शन, समर्पण र सीपलाई पुरष्कृत गर्न यो छात्रवृत्ति प्रदान गरेको र छात्रवृत्तिले खेलाडीहरूको खेलजीवन र शैक्षिक जीवनलाई जोड्ने विश्वास कलेजले लिएको बताए ।

फिनिक्स कलेजले यस अघि राष्ट्रिय क्रिकेट टिमका कुशल भुर्तेल, कमलसिंह ऐरी, सन्दीप जोर, सूर्य तामाङ, भिम सार्कीलाई ४ वर्षे बिबिए अध्ययनका लागि पूर्ण छात्रवृत्ति प्रदान गरेको थियो। कलेजले खेलकुद मार्फत अन्तराष्ट्रिय जगतमा राष्ट्रलाई गौरवान्वित बनाएका खेलाडीहरुको शैक्षिक यात्रामा सहकार्य गर्न पाउँदा उत्साहित रहेको बताएको छ ।

काठमाडौंको मैतीदेवीमा अवस्थित फिनिक्स कलेज अफ म्यानेजमेन्ट लिंकन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी एम.बी.ए. तथा वि.वि.ए. कार्यक्रम सञ्चालन गर्ने नेपालको पहिलो कलेज हो । हाल कलेजमा लिङ्कन विश्वविद्यालय अन्तर्गतका एमबीए, बिबिए, बिएचएम, एमसीएस र बिआइटी कार्यक्रम संचालित छन् ।

# सामुद्रिक सुरक्षा बढाउन जापान र आसियान सहमत

**एएफपी**

टोक्यो । दक्षिणपूर्वी एसियाली र जापानी नेताहरू आइतबार यस क्षेत्रमा चीनको बढ्दो दृढताको सामना गर्दै 'सामुद्रिक सुरक्षा' मा वार्ता र सहयोगलाई बढाउन सहमत भएका छन् । बेइजिङले महत्त्वपूर्ण व्यापारिक करिडोरका रूपमा रहेको दक्षिण चीन सागर र विवादित क्षेत्रहरूमा आफ्नो दावीलाई पुष्टि गर्न जहाज र अन्य तरिकाको तैनाथी गर्दा सम्पूर्ण क्षेत्रका साथै वासिङ्टनका सहयोगी मुलुकहरूलाई पनि चिढ्याएको छ ।




"जापान र दक्षिणपूर्वी एसियाली मुलुकहरूको सङ्गठन (आसियान) ले नेभिगेसन र ओभरफ्लाइट तथा निर्बाध वाणिज्यको स्वतन्त्रता र सुरक्षा समावेश भएको सामुद्रिक सुरक्षा र कानूनको शासनमा आधारित सामुद्रिक व्यवस्थाका लागि वार्ता र सहयोगलाई सुदृढ बनाउन सहमति व्यक्त गरेका छन्", टोक्योमा शिखर सम्मेलनपछि जारी संयुक्त विज्ञप्तिमा भनिएको छ ।

चीनको पहिचान नगरी विज्ञप्तिमा भनिएको छ, "सामुद्रिक क्षेत्र जागरुकताका साथै तटरक्षकहरू र सम्बधित कानून प्रवर्तन एजेन्सीहरूबीच सहयोग बढाइने छ, सामुद्रिक क्षमता निर्माणमा सहयोगलाई सदृढ तुल्याइनेछ र धम्की वा अन्य प्रयोग नगरी अन्तर्राष्ट्रिय कानूनको विश्वव्यापी मान्यताप्राप्त सिद्धान्तअनुसार शान्तिपूर्ण तरिकाले विवादहरूको समाधान सुनिश्चित गरिनेछ ।"

चीनसँग क्षेत्रीय तथा अन्य विवाद रहेको अमेरिकाको निकट सहयोगी जापानले रक्षा खर्च बढाइरहेको छ र एसिया-प्रशान्त क्षेत्रका मुलुकहरूसँग सुरक्षा सहयोग विस्तार गरिरहेको छ । शनिबार जापानले मलेसियासँग सम्बन्धलाई अझ प्रगाढ बनाउन 'चेतावनी तथा निगरानी' उपकरणहरूका लागि ४० करोड येन ( २८ लाख अमेरिकी डलर) प्रदान गर्ने घोषणा गरेको थियो । गत महिना फिलिपिन्सलाई तटरक्षक जहाज खरिद गर्न र राडार प्रणालीको आपूर्तिमा सहयोग गर्नका लागि जापान सहमत भएको थियो र दुवै मुलुकले एकअर्काको भूमिमा सेनाको तैनाथीको अनुमति दिने विषयमा छलफल गरिरहेका छन् । फ्ल्यासपोइन्ट चट्टानहरूमा फिलिपिनो र चिनियाँ जहाजहरूबीचको पछिल्लो टकरावपछि जापानले गत साता 'खतरनाक कार्यहरू' बारे 'गम्भीर चिन्ता' व्यक्त गरेको थियो ।

फिलिपिनो राष्ट्रपति फर्डिनान्ड मार्कोसले शनिबार जापानको सार्वजनिक प्रसारक एनएचकेसँग भन्नुभयो, "दक्षिण चीन सागरमा अवस्था अझ जटिल भएको छ ।" उहाँको कार्यालयले उहाँलाई उद्धृत गर्दै चीनले दृढरूपमा एसियामा आफ्ना छिमेकीहरूका लागि वास्तविक चुनौती प्रस्तुत गरेको बताएको छ। मनिलाले संयुक्त सैन्य अभ्यास आयोजना गरेर टोक्यो, वासिङ्टन र अन्य समान विचारधारा भएका मुलुकहरूसँगको सहयोगलाई अझ गहिरो बनाउने पनि राष्ट्रपति मार्कोसको भनाइ उल्लेख गर्दै कार्यालयले जनाएको छ ।

# अर्जेन्टिनामा आँधीले क्लबको छाना खस्दा १३ को मृत्यु

**एएफपी**

युनस आयर्स । अर्जेन्टिनाको बन्दरगाह सहर बहिया ब्लाङ्कामा शनिबार शक्तिशाली आँधीमा परी खेलकुद क्लबको छाना खस्दा कम्तीमा १३ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

मेयर कार्यालयको सूत्रका अनुसार भारी वर्षा र हावाका कारण स्केटिङ प्रतियोगिता भइरहेको बहिया ब्लाङ्काको छत खसेको थियो । "दुर्भाग्यवश आपत्कालीन सेवाले बहिन्से डेल नोर्टे क्लबमा १३ जनाको मृत्यु भएको पुष्टि गरेको छ", नगरपालिकाले विज्ञप्तिमा भनेको छ । अग्निनियन्त्रकहरूले भग्नावशेषमुनि फसेका मानिसहरूको उद्धारका लागि काम गरिरहेको पनि नगरपालिकाले जनाएको छ ।

उक्त सहरमा एक सय ४० किलोमिटर (८७ माइल) प्रतिघन्टाभन्दा पनि बढीको वेगले हावा चलेको बताइएको छ । तीव्रगतिको हावा आएसँगै केही भागमा बिजुलीसमेत गएको थियो ।

# टी-२० सिरिजमा इंग्ल्यान्डको रोमाञ्चक जीत

**टुडे समाचारदाता**

जनकपुरधाम । घरेलु टिम वेस्ट इन्डिज र इंग्ल्यान्डबीच जारी पाँच खेलको टी-२० सिरिजको तेस्रो खेलमा इंग्ल्यान्डले रोमाञ्चक जित हात पारेको छ ।

शनिबार ७ विकेटको जित निकाल्दै इंग्ल्यान्डले सिरिजमा वेस्ट इन्डिजको अग्रता समेत २-१ मा झारेको छ । जेन्ट जर्जमा वेस्ट इन्डिजले दिएको २२३ रनको लक्ष्य इंग्ल्यान्डले ३ विकेटको क्षतिमा एक बल खेल्न बाँकी छदा पूरा गर्‍यो । अन्तिम ओभरमा जितका लागि इंग्ल्यान्डलाई २१ रन चाहिएको थियो। जसमा इंग्ल्यान्डका ह्यारी ब्रुकले वेस्ट इन्डिजका आन्द्रे रशेललाई पहिलो बलमा चौका, दोस्रो र तेस्रो बलमा लगातार छक्का, चौथो बलमा २ रन र पाँचौ बलमा छक्का प्रहार गर्दै आफ्नो टिमलाई रोमाञ्चक जित दिलाए। ब्रुकले ७ बलमा नटआउट ३१ रन जोडे। जसमा १ चौका र ४ छक्का समावेश रहे ।

त्यसअघि ओपनर फिल साल्टले बनाएको नटआउट १०९ रन इंग्ल्यान्डको जितको आधार बन्यो । उनले ५६ बलमा ४ चौका र ९ छक्का प्रहार गरेका थिए। कप्तान जोस बटलरले ३४ बलमा ५१ रन बनाउदा इंग्ल्यान्डले आक्रामक सुरुवात गरेको थियो ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले ६ विकेटको क्षतिमा २२२ रन जोड्यो । उसका लागि निकोलास पूरनले ४५ बलमा ८२ रन र कप्तान रोभमन पावेलले २१ बलमा ३९ रन बनाए ।

# भ्यालेन्सियासँग बराबरीमा रोकियो बार्सिलोना

**टुडे समाचारदाता**

जनकपुरधाम । स्पेनिस ला लिगामा बार्सिलोना र भ्यालेन्सियाले बराबरी खेल्दै अंक बाँडेका छन्। शनिबार राति भएको खेल एक एक गोलको बराबरीमा रोकिएको हो ।

खेलको ५५ मिनेटमा जोआओ फेलिक्सको गोलबाट बार्सिलोनाले अग्रता लिएको थियो। उनलाई गोल गर्न राफिन्हाले पास दिएका थिए । ७० मिनेटमा भ्यालेन्सियाका लागि गुइलामोले बराबरी गोल फर्काउँदै घरेलु मैदानमा उपस्थित दर्शकलाई खुसी दिए ।

यता एट्लेटिको म्याड्रिडलाई एथ्लेटिक्स बिल्बाओले २-० गोल र गेटाफेले सेभियालाई ३-० गोलले पराजित गरेका छन् । अंक तालिकामा बार्सिलोना ३५ अंकसहित तेस्रो स्थानमा छ। यता शनिबार पराजित भएसँगै एट्लेटिको म्याड्रिड ३४ अंकसहित चौथो स्थानमा झरेको छ ।

शीर्ष स्थानको जिरोनाको ४१ अंक छ भने दोस्रो स्थानको रियल म्याड्रिडको ३९ अंक छ। दुवै टिमले बार्सिलोनाभन्दा एक खेल कम खेलेका छन् ।

# नगरसभा नहुँदा नगर अस्पताल भवन प्रयोगविहीन

**टुडे समाचारदाता**

सर्लाही । सर्लाहीको हरिपुर्वा नगरपालिका- २ मा निर्मित पन्ध्र शय्याको नगर अस्पताल भवन निर्माण भएको लामो समय भइसक्दा पनि प्रयोगमा आउन सकेको छैन । तत्कालीन स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री राजेन्द्र महतोले २०६९ साल जेठ २ गते शिलान्यास गरेको सो अस्पताल निर्माण भएको डेढवर्ष हुँदासमेत प्रयोगमा नआएको हो ।

अस्पताल सञ्चालनमा नआउँदा आफ्नै ठाउँमा अस्पताल भएर पनि सेवा लिन अन्यन्त्र जानुपरेको हरिपुर्वावासी रामविनय यादवले गुनासो गरे । उनका अनुसार सामान्य बिरामी पर्दासमेत उपचारका लागि लालबन्दी, मलङ्गवा, बर्दिवास, जनकपुर तथा काठमाडौँ जानुपर्ने बाध्यता छ । "गाउँमै यति ठूलो अस्पताल भवन बनेको छ तर सञ्चालन गर्न जनप्रतिनिधिले चासो नदेखाएका कारण आमनागरिक सामान्य बिरामी पर्दा पनि टाढा टाढासम्म धाउनुपर्ने बाध्यता छ ।"

अस्पताल भवन निर्माणका लागि सोही स्थान निवासी विनोद साहले १० कठ्ठा जमिन निःशुल्क उपलब्ध गराएका थिए। सोही जमिनमा निर्माण भएको १५ शय्याको अस्पताल भवन अहिले अलपत्र परेको छ । निर्माण भएको अस्पताल सञ्चालन नहुँदा स्थानीयवासीले सास्ती खेपिरहेका जग्गादाता साहले बताउनुभयो। "गाउँमा धेरैको अकालमा मृत्यु भएको र महिलालाई प्रसूति गराउन जनकपुर वा काठमाडौँ धाउनुपर्ने बाध्यता देखेर गाउँमै अस्पताल निर्माण होस् भनी जग्गा दिएँ, अस्पताल पनि निर्माण भयो तर प्रयोगमा आउन सकेन् ,"साहको गुनासो थियो ।

राजनीतिक विवादले नगर अस्पताल भवन निर्माण हुन करिब १० वर्ष लागेको थियो भने निर्माण भएपछि पनि सञ्चालन हुनसकेको छैन। राजनीतिक खिचातानीका कारण अस्पताल अलपत्र परेपछि गाउँवासी महँगो एम्बुलेन्स शुल्क तिरेर अन्यत्र जान बाध्य भएका वडाध्यक्ष दिनेशराय यादवले बताए ।"यहाँ कोही आकस्मिक बिरामी परेर उपचार गर्न एम्बुलेन्समा जनकपुर जानुपर्दा रु पाँच हजार, काठमाडौँ जाँदा रु १६ हजार र मलङ्गवा जाँदा रु तीन हजार भाडा तिर्नुपर्छ, कमसेकम निर्माण भएको अस्पताल प्रयोगमा आए स्थानीयवासीलाई त्यति सास्ती हुने थिएन् ।"उनले भने ।

अस्पताल सञ्चालनका लागि आफूले गत आर्थिक वर्ष मै रु एक करोड बजेट विनियोजन गरे पनि नगरका जनप्रतिनिधिले सो बजेट चलाउन खोज्दा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेमाथि दुर्व्यवहार गरिएकाले अस्पताल सञ्चालनमा आउन समय लागेको नगरप्रमुख विनोदकुमार साह तेलीले बताए । उनले चालु आवमा नगरसभा नै नभएर बजेट पारित नभएकाले अस्पताल सञ्चालन गर्न नसकिएको स्वीकार गरे ।

# छ करोडको सुन्तला बिक्री

**टुडे समाचारदाता**

काठमाण्डु । इलामको रोङ गाउँपालिका-६, सलकपुरका किसानले सुन्तला बिक्रीबाट मनग्य आम्दानी लिने गरेका छन् । यहाँ उत्पादित सुन्तला बोटबाटै बिक्री हुन थालेपछि किसान व्यावसायिक खेतीतर्फ आकर्षित भएका हुन् । यहाँ उत्पादित सुन्तला खरिदका लागि भारतीय र झापाका व्यापारी किसानका बारीमा पुग्ने गरेका छन् ।स्थानीय सुन्तला किसान खगेन्द्र राईले अलैंची मासेर १५ रोपनी जमिनमा व्यावसायिकरूपमा सुन्तला खेती सुरु गरेको बताए । करिब १० प्रतिशत क्षेत्रको सुन्तलाले यस वर्षदेखि आम्दानी दिन सुरु गरको उनको भनाइ थियो । "राम्रो उत्पादन गर्न सक्यो भने बजारको समस्या छैन", उनले भने, "स्थानीय वडाले सुन्तला खेतीलाई प्रोत्सहान गर्न प्राविधिक सहयोग निःशुल्क दिने गरेको छ ।"

वडा नं ६ मा मात्र वार्षिक आठ सय ८० मेट्रिक टन सुन्तला उत्पादन हुने गरेको वडा कार्यालयले जनाएको छ । वडाको सलकपुर, कुवापानी र जौबारीलगायत क्षेत्रमा प्रतिहेक्टर १० दशमलव तीन मेट्रिक टनका दरले सुन्तला उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्र इलामले जनाएको छ।

विगतमा विभिन्न रोगका कारण सुन्तला मर्न थालेपछि किसान निराश बनेका थिए । ज्ञान केन्द्रले किसानलाई सुन्तलामा लाग्ने रोग नियन्त्रण, जैविक मल बनाउने र सुन्तला हुर्काउने प्रविधिकाबारेमा तालिम सञ्चालन गरेसँगै उनीहरूमा उत्साह थपिएको केन्द्रका सूचना अधिकारी रुजन खड्काले बताए । सो वडाको करिब ९० हेक्टर जमिनमा सुन्तला खेती हुने गरेको उनले जानकारी दिए ।



खड्काका अनुसार केन्द्रले सुन्तला सुदृढीकरण कार्यक्रमअन्तर्गत छ जना किसानलाई गत वर्ष रू एक लाखका दरले अनुदानसमेत प्रदान गरेको थियो । चालु आर्थिक वर्षमा किसानले उक्त कार्यक्रम माग गर्दै कार्यालयमा निवेदन दर्ता गराएका छन् । केन्द्रका सूचना अधिकारी खड्काका अनुसार इलामका विभिन्न स्थानमा गरी तीन सय ६० हेक्टर बढी जमिनमा सुन्तलाको व्यावसायिक खेती हुने गरेको छ ।

वडा नं ६ का वडाध्यक्ष सत्यम राईले विगतमा रोगका कारण धेरै सुन्तला खेती नष्ट भएपछि हाल नयाँ खेती विस्तार गर्ने काम भइरहेको जानकारी दिए । उनले सुरुमा वडाको सलकपुरमा हुँदै आएको सुन्तला खेती कुवापानी, जौबारी क्षेत्रमा विस्तार हुन थालेको बताए ।

राईले सलकपुरको स्वादिलो सुन्तला बोटमै टिपेर खानका लागि इलाम, झापा, मोरङ, सुनसरीबाट आन्तरिक पर्यटक घरबास (होमस्टे)मा बास बस्न तथा यहाँका प्राकृतिक सम्पदाको अवलोकन गर्न आउने गरेका बताए । उनका अनुसार यहाँ १४ वटा होमस्टे सञ्चालनमा छन् । होमस्टेमा बस्न आउने पाहुनालाई प्रतिकेजी रू ८० देखि ९० का दरले बेच्ने गरिएको उनको भनाइ थियो ।

विसं २००४ मा दार्जिलिङबाट आएर बसोबास गरेका गौरीलाल लामाले यहाँ सुन्तला खेतीको सुरुआत गरेको वडाध्यक्ष राईले बताए । सुरुमा दार्जिलिङबाट बिरुवा ल्याएर खेती सुरु गरे पनि हाल पाल्पाबाट उन्नत जातका सुन्तलाको बिरुवा ल्याएर व्यावसायिक रुपमा खेती थालिएको उनको भनाइ थियो । सुन्तला खेतीबाट वार्षिक रू पाँच करोडदेखि रू छ करोडसम्म वडामा रकम भित्रिने गरेको वडाध्यक्ष राईले जानकारी दिए । यहाँ उत्पादित सुन्तला बिक्रीका लागि बजार खोज्नुपर्ने बाध्यता नभएको उनले बताए ।

"भारत तथा झापाबाट व्यापारीले सुन्तला नपाक्दै बोटबाटै खरिद गर्छन्", राईले भने, "किसानले उत्पादनमा मात्र ध्यान दिए पुग्छ, बजारको समस्या छैन ।" उनका अनुसार यहाँका हरेक सुन्तला किसानले वर्षमा रू पाँच लाखदेखि रू १५ लाखसम्म आम्दानी गर्ने गरेका छन् । उनले चालु आवमा वडाले सुन्तला किसानको समूह बनाएर अध्ययन, अनुसन्धान पनि हुने गरी नर्सरी खेती सञ्चालन गर्ने तयारी गरिरहेको जानकारी दिए । ।

सुन्तला, अलैंची, अकबरे, अम्लिसो, महलगायत कृषिजन्य सामग्री उत्पादनले प्रसिद्ध सलकपुरमा विभिन्न ठाउँबाट कृषि तथा बोटबिरुवासम्बन्धी अध्ययनका लागि विद्यार्थीको समूह आउने गरेका वडाध्यक्ष राईले जानकारी दिए । उनका अनुसार यहाँ उत्पादित सुन्तला भारतको कोलकातामा हुने सुन्तला महोत्सवमासमेत प्रत्येक वर्ष लैजाने गरिन्छ । झापाको काँकडभिट्टा, धुलाबारी, बिर्तामोड, दमक, भद्रपुर मात्र नभई हरेक गाउँगाउँमा व्यापारीले ट्रकमै राखेर 'आयो है सलकपुरको सन्तुला' भन्दै घुमाएर बेच्न गरेका स्थानीय बताउँछन् ।

# तीन खर्ब ८३ अर्ब आम्दानी, चार खर्ब ५२ अर्ब खर्च

**टुडे समाचारदाता**

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ का लागि सरकारले ल्याएको वार्षिक बजेट कार्यान्वयनको अवस्था हेर्दा अपेक्षाकृत उपलब्धि हासिल हुन नसकेको देखिएको छ।



महालेखा नियन्त्रक कार्यालयको दैनिक बजेटरी तुलनात्मक विश्लेषणअनुसार गत मङ्सिर मसान्तसम्ममा सरकारले गरेको आम्दानीभन्दा खर्च बढी देखिएको छ । यो अवधिसम्ममा वार्षिक लक्ष्यको २६ दशमलव ०७ प्रतिशत आम्दानी भएको छ भने २५ दशमलव ८७ प्रतिशत खर्च भएको छ।

चालु आवका लागि सरकारले कूल रू १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो । मङ्सिर मसान्तसम्म आइपुग्दा सरकारको बजेट खर्च रू चार खर्ब ५२ अर्ब ९९ करोड ५७ लाख अर्थात् वार्षिक लक्ष्यको २५ दशमलव ८७ प्रतिशत रहेको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार पहिलो पाँच महिना अवधिमा चालु खर्च ३१ दशमलव ५३, पुँजीगत खर्च ११ दशमलव ९४ र वित्तीय व्यवस्थातर्फको खर्च १८ दशमलव ५२ प्रतिशत छ।

चालु आर्थिक वर्षका लागि चालु शीर्षकमा रू ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख बराबरको बजेट ल्याइएकामा मङ्सिर मसान्तसम्ममा रू तीन खर्ब ५९ अर्ब ९९ करोड ५७ लाख बराबर खर्च भएको छ। पुँजीगत शीर्षकमा रू तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख बराबरको वार्षिक बजेट रहेकामा हालसम्म रू ३६ अर्ब छ करोड तीन लाख बराबर मात्रै खर्च भएको छ । त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा रू तीन खर्ब सात अर्ब ४५ लाख ३६ हजार बराबर वार्षिक विनियोजन रहेकामा हालसम्म रू ५६ अर्ब ९३ करोड ९७ लाख बराबर खर्च भएको छ।

चालु आवको पहिलो पाँच महिना अवधिमा सरकारको राजस्व सङ्कलन पनि लक्ष्यअनुसार हुन सकेको देखिँदैन । चालु आवका लागि कूल रू १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व उठाउने सरकारी लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको २६ दशमलव ०७ प्रतिशत अर्थात् रू तीन खर्ब ८३ अर्ब ९२ करोड ४२ लाख बराबर मात्रै राजस्व सङ्कलन भएको छ । यो अवधिसम्मको सरकारको आयव्ययको विश्लेषण गर्दा आम्दानीको तुलनामा रू ६९ अर्ब सात करोड १५ लाख बढी खर्च भएको छ। अर्थात् पाँच महिना अवधिमा रू ६९ अर्बभन्दा बढीको बजेट घाटा सरकारले व्यहोरेको छ।

सरकारले चालु आवमा कर राजस्वतर्फ रू १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख र गैरकर राजस्वतर्फ रू एक खर्ब १७ अर्ब छ करोड २१ लाख बराबर सङ्कलन गर्ने उद्देश्य राखेको छ। त्यस्तै रू ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान उठाउने सरकारी लक्ष्य छ। चालु आर्थिक वर्षको सुरुआती पाँच महिना अवधिमा कर राजस्व सङ्कलन वार्षिक लक्ष्यको २५ दशमलव ८३ प्रतिशत अर्थात् रू तीन खर्ब ३७ अर्ब १८ करोड ६७ लाख छ भने गैर कर राजस्व सङ्कलन वार्षिक लक्ष्यको २२ दशमलव ४२ प्रतिशत अर्थात् रू २६ अर्ब २४ करोड २५ लाख बराबर छ। चालु आवको मङ्सिर मसान्तसम्ममा सरकारले रू दुई अर्ब ७५ करोड ८० लाख बराबर वैदेशिक अनुदान लिएको छ।

# गाईपालनको आम्दानीबाट मन्दिरको खर्च व्यवस्थापन

**टुडे समाचारदाता**

मोरङ । मोरङको सुन्दरहरैँचा नगरपालिका-५ स्थित लक्ष्मीनारायण कृषि फार्मले उन्नत जातका गाईपालन गरी लक्ष्मीनारायण मन्दिरको खर्च व्यवस्थापन गर्दै आएको छ । । फार्ममा उन्नत जातका ५२ गाई रहेका छन् । दैनिक एक सय लिटरभन्दा बढी दूध उत्पादन हुने गरेको छ।



दूध बिक्री गरेर हुने आम्दानीबाट मन्दिर सञ्चालन र व्यवस्थापन, धार्मिक अनुष्ठान तथा गरिब र असहायलाई भोजनको व्यवस्था गरिँदै आएको मन्दिरका अध्यक्ष एवं महन्त दाताराम भण्डारीले जानकारी दिए । उहाँकै सक्रियतामा गाई फार्म सञ्चालन गरिएको हो । फार्मले स्थानीय पाँच जनालाई रोजगारीसमेत प्रदान गरेको छ । उपभोक्तालाई शुद्ध एवं गुणस्तरीय दूध उपलब्ध गराएको अध्यक्ष भण्डारी बताउछन् ।

दूध बिक्रीबाट मासिक रु दुई लाख ७० हजार आम्दानी हुने गरेको छ", उनले भने- "यसै आम्दानीबाट मन्दिरका पुजारीलाई मासिक रु १५ हजार उपलब्ध गराउँछौँ ।" गाईपालन गर्नका लागि वार्षिक रु ४० हजार तिरेर एक बिघा १० कठ्ठा जग्गा भाडामा लिएको अध्यक्ष भण्डारीले बताए । फार्मले बैंक कर्जा, दान, भेटीलगायत सहयोगबाट गाईपालनका साथै बाख्रापालनसमेत गरिरहेको छ।

"आश्राममा बस्ने भक्तजनलाई गौःसेवामा सहभागी गराउँदै आएका छौँ", महन्त भण्डारीले भने । गाईको नियमित हेरचाह, सरसफाइ, दाना, पानी, पराल, औषधोपचारलगायतमा रकम खर्च हुनेगरेको छ । लगानी वृद्धि गरी नश्ल सुधारसहित गुणस्तरीय गाई तथा बाख्रापालना गर्ने योजना रहेको अध्यक्ष भण्डारीले बताए । फार्मलाई राष्ट्रियस्तरको नमुना कृषि फार्मका रूपमा सञ्चालन गर्ने लक्ष्य रहेको उनको भनाइ छ।

लक्ष्मीनारायण कृषि फार्मका सञ्चालक सङ्गीता पौडेल फार्मलाई राज्यले सहयोग गर्नुपर्ने बताउछन् । मन्दिरमा आश्रित भक्तजनले गाईको हेरचाह गर्ने गरेका उनी बताउछन् । फार्मले बैंकबाट झण्डै रु एक करोड ऋण लिएको छ । "हामीले नाफा कमाउनेभन्दा पनि सेवाभावले फार्म सञ्चालन गरिरहेका छौँ", पौडेलले भने।

सुन्दरहरैँचा नगरपालिकाका कृषि तथा पशुपक्षी शाखा प्रमुख किशोरकुमार कार्कीले चालु आर्थिक वर्ष २०८०/८१ मा फार्मका लागि बजेट विनियोजन गरिएको जानकारी दिए । "कार्ययोजना र लक्षसहित आए थप आवश्यक सहयोग र सहजीकरण गर्छौँ", उनले भने । नगरपालिकाले गोठ सुधार कार्यक्रमअन्तर्गत अनुदान सहयोग गर्ने गरेको प्रमुख कार्कीले बताए ।

# जलयात्रा पर्यटन सङ्कटमा पर्‍यो




**टुडे समाचारदाता**

चितबन । जलयात्रा पर्यटन व्यवसायीले त्रिशूली नदीमा ' हाइड्रोपावर' निर्माणले जलयात्रा पर्यटनमा असर पुग्न लागेकामा चिन्ता व्यक्त गरेका छन् । गोरखाको गण्डकी गाउँपालिका-१ बुट्टार र चितवनको इच्छाकामना-३ चुमखोलास्थित निर्माणाधीन एक सय मेगावाटको सुपर त्रिशूली हाइड्रोपावर आयोजनाले जलयात्रा पर्यटन सङ्कटमा पर्ने जनाउँदै चिन्ता व्यक्त गरेका हुन् ।

त्रिशूली बचाउ अभियानका संयोजक मेघ आलेले विश्वभरका साहसिक जलयात्र पर्यटकको पहिलो रोजाइमा पर्ने गरेको त्रिशूली नदी र्याफ्टिङ लागि उत्कृष्ट केन्द्र रहेको यस क्षेत्रमा हाइड्रोपावर निर्माणले र्याफ्टिङ व्यवसाय सङ्कटमा पर्ने जानकारीदिए । जलयात्रा व्यवसायी तथा श्रमिकले त्रिशूली नदीलाई साहसिक जलयात्राको मातृ नदीको रूपमा पुज्ने गरेको उनको भनाइ छ।

संयोजक आलेले भने, "त्रिशूली नदी विश्वभरका साहसिक जलयात्रा पर्यटकको पहिलो रोजाइमा पर्ने गरेको छ, जलयात्रा व्यवसायी र श्रमिकहरूले त्रिशूली नदीलाई साहसिक जलयात्राको मातृ नदीको रूपमा पुज्ने गरेका छन् ।" तीन हजारभन्दा धेरै श्रमिकको रोजगारी गुम्ने खतरा रहेको उनको भनाइ छ।

त्रिशूली बचाउ अभियानले शनिबार चितवनको इच्छाकामना-३ फिस्लिङबाट गोरखाको गण्डकी-१ बुट्टार स्थित हाइड्रो पावरको ड्यामसम्म र्याफ्टिङ र राजमार्गमा र्यालीसमेत निकालेको थियो । वातावरणिय प्रभाव मूल्याङ्कनले समेत सो क्षेत्रमा हाइड्रोपावर निर्माण गर्दा वातावरण र पर्यटकीय गतिविधिमा समेत असर पर्ने देखाएको भन्दै उक्त कार्य रोक्नुपर्ने पर्यटन व्यवसायीको माग छ।

कार्यक्रममा नेपाल एशोसिएसन अफ र्याफ्टिङ एजेन्सी (नारा)का अध्यक्ष शिव अधिकारीले हाइड्रोपवार निर्माणसँगै जलयात्रा पर्यटन व्यवसायीको सम्पूर्ण लगानी डुब्ने बताए । यस त्रिशूली नदीलाई साहसिक जलयात्राको विश्वविद्यालयका रूपमा लिएको बताए । यहाँ र्याफ्टिङको तालिम लिएर विश्वरभर जुनसकै देशमा गएर पनि नेपालीहरूले काम गर्न सक्ने उनको भनाइ छ।

नेपालमा जलविद्युत् निर्माणका लागि सम्भाव्य अन्य नदीनाला भए पनि जलयात्राका लागि पर्यटकको पहिलो रोजाइमा रहेको त्रिशूली नदीको यस क्षेत्रमा हाइड्रोपवार निर्माण गर्दा हजारौँको रोजगारी गुम्ने र व्यवसायीको लगानी डुब्ने जलयात्रा पर्यटन व्यवसायीको भनाइ छ । त्रिशूली सरकारले र्याफ्टिङका लागि खुला गरेका विभिन्न १६ नदीमध्येको प्रमुख गन्तव्य हो ।

# किसान आकर्षित नहुँदा मासिदै जौँखेती

**टुडे समाचारदाता**

काठमाण्डु । रुकुमपूर्वमा दशक अघिसम्म प्रशस्त मात्रामा गरिने जौँखेती हराउँदै गएको छ। कुनै समय जिल्लाको प्रमुख बाली भित्र पर्ने सो खेतीप्रति किसान आकर्षित नहुँदा पछिल्लो समय बिरलै मात्रामा देखिने गरेको छ। अहिले पूजाआइतबारामा आवश्यक पर्ने जौँसमेत जिल्लामा उत्पादन हुन छाडेको छ।

पाँच/छ वर्षअघिसम्म यही समयमा पुथा उत्तरगङ्गा गाउँपालिका-१ मैकोटमा सबैका बारीमा जौँ उम्रिएर हरियाली देखिन्थ्यो । अहिले ती सबै खेतबारी खाली छन् । स्थानीय वीरेन्द्र बुढाले ती खेतबारी अहिले घोडा/खच्चड, भेडाबाख्रा बथानको चरिचरन गर्ने क्षेत्र बनेका बताए। मकै भित्र्याएपछि खाली भएका ती बारी अब अर्को याममा मकै नरोप्दासम्म खाली नै रहने गरेको उनले बताए।



उनले भने," पहिले सबैले बारीमा जौँखेती हुने गर्दथ्यो। पछि विस्तारै मानिसले जौँखेती गर्न छाड्दै गए।" मैकोटका सबैले मकै भित्र्याएपछि खेतबारी बाँझै राखेर एक यामभरि वस्तुभाउको चरिचरन गर्ने क्षेत्र बनाउने गरेका छन्।

जौँखेती गर्दै आएका मैकोटका चामबहादुर कामीले पछिल्लो समय आफूले जौँखेती नगरेको जानकारी दिए। "पहिले जौँ उत्पादन हुँदा त्यसैको सातु, ढिडो बनाएर खाने गरिन्थ्यो", उनले भने, "जौँबाट बनेका परिकार खानलाई पनि मीठो र स्वास्थ्यका लागि पनि निकै राम्रो हुन्थ्यो ।" वस्तुभाउलाई दानाका रूपमा पनि जौँ प्रयोग गरिन्थ्यो । अहिले भने आफूलाई आवश्यक पर्दा चाहिने जौँसमेत उत्पादन हुन छाडेको उनको भनाइ छ।

मैकोटमा छाडा पशुचौपायाबाट बाली जोगाउन गाह्रो हुने र जौँ भित्र्याउने बेलामा स्थानीय यार्सा सङ्कलन गर्न जाने हुँदा पछिल्लो समयमा जौँखेती हराउँदै गएको मैकोटका अर्का स्थानीय विकास पुनले बताए।

# २७ दशमलव ७५ अङ्कले बढ्यो नेप्से परिसूचक

**टुडे समाचारदाता**

काठमाण्डु । यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २७ दशमलव ७५ अङ्कले बढेको छ। आइतबार एक दशमलव ३९ प्रतिशतले बढेसँगै नेप्से परिसूचक दुई हजार २२ दशमलव ३५ अङ्कको बिन्दुमा कायम भएको हो।

आइतबार दुई सय ९५ कम्पनीको एक करोड ७१ लाख ६६ हजार चार सय ६५ कित्ता शेयर एक लाख एक हजार एक सय २८ पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब १५ करोड ७८ लाख ४६ हजार नौ सय ७९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। बैंकिङ समूहको उपसूचक शून्य दशमलव ६७, म्यूचुअल फन्ड शून्य दशमलव ४२ र व्यापार समूह शून्य दशमलव २३ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै जलविद्युत् समूह पाँच दशमलव ५५ र लगानी समूह तीन दशमलव १२ प्रतिशतले बढेको छ।

११ वटा कम्पनीको शेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ। ह्याथवे इन्भेस्टमेन्ट नेपाल लिमिटेड, श्री स्टार हाइड्रोपावर लिमिटेड, रावा इनर्जी डेभलपमेन्ट लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड, भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड र सगरमाथा जलविद्युत् कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो। त्यस्तै, विन्ध्याबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेड, बलेफी हाइड्रोपावर लिमिटेड, शिवश्री हाइड्रोपावर लिमिटेड र रिदी पावर कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो। आइतबारको कारोबारमा सबैभन्दा धेरै हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ७७ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको रू २५ करोड १२ लाख ९० हजार सात सय ४६ बराबरको १७ लाख ८० हजार छ सय ३५ कित्ता शेयर किनबेच भएको छ।



विवाह पञ्चमीका अवसरमा जनकपुरधाममा आइतबार भगवान् राम सीताको डोलासहित निकालिएको झाकीमा देखिएका श्रद्धालु भक्तजनको भीड। *तस्विरः टुडे*

# डिजिटल युगमा गुणात्मक शिक्षा प्रणालीको आवश्यकता: प्रधानमन्त्री

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले एक्काइसौं शताब्दीको डिटिजल युग अनुसारको गुणात्मक शिक्षा प्रणालीको आवश्यकता रहेको बताएका छन् ।



बर्दिबास स्थित जनता माध्यमिक विद्यालय गौरीडाँडाको स्वर्ण जयन्ती समारोहमा प्रधानमन्त्री "प्रचण्ड"ले नेपाल जस्ता विकासशील देशहरू भूमण्डलीकरणको बहुआयमिक दवावमा परेको भन्दै आधारभूत तहदेखि नै पाठयूक्रममा युगसापेक्ष गुणात्मक परिमार्जन आवश्यक रहेको बताए ।

उनले भने, 'शिक्षा आर्जन गर्नुको अर्थ आफ्नो व्यक्तिगत जीवनको सफलताको एउटा महत्वपूर्ण आयाम त हो नै, तर त्यो मात्रै सम्पूर्ण चीज चाहिँ होइन । आजको एक विद्यार्थी भोलिको देशको कर्णाधार, नीति निर्माता र कार्यान्वयनकर्ता पनि हो ।'

नेपालको संविधानको धारा ३१ मा "प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ" भनी आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरिएको छ । त्यस्तै संविधानको धारा ४७ मा संविधानप्रदत्त मौलिक हकहरूको कार्यान्वयनका लागि आवश्यकताअनुसार राज्यले यो संविधान प्रारम्भ भएको ३ वर्षभित्र कानुनी व्यवस्था गर्नेछ" भन्ने बाध्यात्मक व्यवस्था गरिएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणाली, हाम्रो संविधानको व्यवस्था र नवीनतम् परिस्थितिलाई समेत मध्यनजर गर्दै शिक्षामा गुणात्मक रूपान्तरण गर्नु देशको महत्वपूर्ण कार्यभार रहेको उनले बताए ।

उनले भने, 'यथार्थतालाई आत्मसात गर्दै मेरो नेतृत्वको सरकारले माध्यमिक शिक्षा विधेयक सङ्घीय संसदमा प्रस्तुत गरिसकेको छ। जनता, अभिभावक र सरोकारवाला निकाय एवं पक्षले उठाएका जायज र न्यायपूर्ण माग र मुद्दाहरूलाई सम्बोधन गर्दै उक्त विद्येयकलाई संसदबाट पारित गराई छिटोभन्दा छिटो कार्यान्वयनमा ल्याउन सरकार प्रतिवद्ध छ। सरकारको यस इमानदार प्रयासमा सिङ्गो देशको सकारात्मक र रचनात्मक सहयोग, सहकार्य र ऐक्यबद्धता रहनेसमेत विश्वास व्यक्त गर्दछु ।'

# विवाहपञ्चमीमा पाकेटमार तथा अवाञ्छित गतिविधि गर्ने पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । विवाहपञ्चमी महोत्सवमा अवाञ्छित गतिविधि गर्ने दर्जनौ पाकेटमार पक्राउ परेका छन् । जनकपुरधाममा अत्याधिक भीडको मौकाको फाइदा उठाउँदै पाकेटमारी गर्ने र अवाञ्छित गतिविधि गर्ने गरेको आरोपमा २० जना भन्दा बढीलाई धनुषा प्रहरीले पक्राउ गरेका छन् ।



अधिक भीडको मौकाछोपेर श्रद्धालुभक्तजनको पाकेट मार्ने तथा दुर्व्यवहार गर्ने २० जनालाई धनुषा प्रहरीले नियन्त्रणमा लिएको धनुषाका प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले जानकारी दिए ।

उनीहरुलाई दिँउसो एक बजेसम्ममा पक्राउ परेकाहरुलाई जनकपुरधाम स्थित गोपाल धर्मशालामा रहेको प्रहरी युनिटमा राखिएको छ। उनीहरुलाई आवश्यक अनुसन्धान गरिरहेको प्रहरी उपरीक्षक बन्धुले बताए। उनले पाकेटमारहरुबाट बरामद गरिएको सामग्रीहरुसमेत फेला परेको बताए।

# विवाहपञ्चमीमा तीर्थालुलाई सास्ती

**टुडे समाचारदाता**

जनकपुरधाम । सीताराम विवाहपञ्चमीमा सहभागी हुन आएका तीर्थालुहरुलाई सास्ती खेप्नु परेको छ । श्रद्धालु भक्तजनहरुको भीडका कारण राम मन्दिर, जानकी मन्दिर, विभिन्न मठ, कुटीलगायतका स्थलमा बासोबासका लागि स्थान नहुँदा तीर्थालुहरुलाई सास्ती खेप्नु परेको छ।



साताव्यापी रुपमा मनाइने सीताराम विवाहपञ्चमीको तयारीका लागि महिनादिन अघिदेखि नै बैठक बसेर विभिन्न व्यवस्थापनका लागि सरोकारवालले आन्तरिक तयारीमा लगिपरेका थिए। तर विवाहपञ्चमीको एक दिन अघि देखि नै श्रद्धालु भक्तजनहरुका लागि बसोबासको व्यवस्थापन यथोचितरुपमा नहुँदा उनीहरु खुला आकाश मुनि राति विताउन बाध्य भए।

राम मन्दिर, जानकी मन्दिर, संकट मोचन मन्दिरलगायत यहाँका विभिन्न मठ मन्दिरहरुमा भक्तजनहरुले रात गुजारेर विवाहपञ्चमीमा सरिक भए। भारत तथा नेपालकै आन्तरिक भक्तजनहरुको अधिक चापले गर्दा जनकपुरधाम स्थित होटेल, लज, धर्मशालालगायतका स्थानहरुसमेत खचाखच भरिएको छ।

लाखौं भक्तजनहरुका लागि सरोकारवालले विश्रामस्थलको व्यवस्थापन र शौचालयको समुचित प्रबन्ध नहुँदा विगत झैं समस्या उत्पन्न भएको एक भक्तजन बताए। भारतको दरभंगा बस्ने सुनिलप्रसाह कलवारका अनुसार माता सीताको विवाह हेर्नका लागि स-परिवार आएर जसोतसो दर्शन सम्भव भए पनि विश्रामस्थल र शौचालयमा निकै कठिनाई भोग्नु परेको सुनाए।

विवाहपञ्चमी लक्षित विभिन्न संघसंस्थाले सामाजिक कार्यमा लागे पनि शौचालय र बसोबास व्यवस्थापनमा कसैले ध्यान नदिँदा यस्ता खाले समस्याहरु हरेक वर्षमा आउने गरेको जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १० बस्ने किसन मण्डलले बताए। यता जनकपुरधाम उपमहानगरपालिकाले बाह्रविघा रंगभुमि मैदानमा शौचालय र विश्रामस्थलको व्यवस्था गरेको जनाए । तीर्थालुहरुको बसोबास र शौचालय व्यवस्थापनमा गत वर्षहरुमा पनि चासो लिइएको थिएन्। जनकपुरधाम उपमहानगरपालिकाका उपनगरप्रमुख किशोरी साहले तीर्थालुहरुको सहज व्यवस्थापन तर्फ गम्भीररुपमा ध्यान दिएको र विश्राम स्थलदेखि शौचालय व्यवस्थापनमा यस वर्ष हरेक सार्वजनिक शौचालयहरुलाई निःशुल्क गरिएको बताए।

यस समस्यालाई संघीय सरकार, मधेश प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका लगायतका सरोकारवाला संघसंस्थाले गम्भीररुपमा नलिँदा विवाहपञ्चमी समापनसँगै जनकपुरधाम क्षेत्र नै फोहोर र दुर्गन्धितको डुंगुरमा परिणत हुने गरेको छ। जसले गर्दा सर्वसाधारणमा संक्रमण रोग फैलिने प्रवल सम्भावना पनि हुन्छ।

# अवैध क्रसर उद्योगमाथि नियमनकारी उदासीन

**ओम प्रकाश यादव**

गरुडा । रौतहटमा अवैध रुपमा सञ्चालित क्रसर उद्योगहरु बन्द गराउन सम्बन्धित निकायले कुनै पहल नगरेको पाइएको छ।

अवैध क्रसर उद्योगलाई नियमन र कारवाही गर्ने प्रमुख दायित्व भएको जिल्ला समन्वय समिति रौतहटले अवैध रुपमा क्रसर उद्योग सञ्चालन गर्नेलाई कारवाहीको दायरामा ल्याउन नसक्दा जिल्लामा अवैध क्रसर उद्योग सञ्चालन गरी नदीबाट बालुवा, ढुङ्गा र गिट्टी उत्खनन्, निकासी पैठारी तथा ओसारपसार गर्नेहरुको मनोवल झन बढेको छ।



जिल्लाको वृन्दावन, फतुवा विजयपुर, गढिमाई, गुजरा लगाएतको पालिकामा गरी दर्जनौ मापदण्ड विपरीतका अवैध क्रसर उद्योगहरु वर्षौदेखि निर्वाध रुपमा सञ्चालनमा रहेको छ । तर अवैध रुपमा सञ्चालित ती क्रसर उद्योगलाई अनुगमन गरी नियमन तथा कारवाही गर्ने जिम्मेवारी पाएका समन्वय समिति सहितका निकायले कुनै चासो देखाएका छैनन् ।

एक वर्षअघि गृह मन्त्रालयले देशभर अवैधरुपमा सञ्चालनमा रहेको क्रसर उद्योगहरु बन्द गर्न निर्देशन दिएपछि रौतहटमा प्रशासन र जिल्ला समन्वय समितिको अनुगमन टोलीले संयुक्त रुपमा अनुगमन गरी अवैध रुपमा सञ्चालित केही क्रसर उद्योगहरुलाई बन्द गराएका थिए।

त्यसबेला सम्बन्धित निकायसंग कुनै अनुमति नै नलिइ अर्थात दर्ता नगरी सञ्चालनमा रहेको जिल्लाका चार वटा क्रसर उद्योग र घरेलु तथा साना उद्योगको कार्यालयमा दर्ता भएको तर नवीकरण नगराइ नियमविपरीत अवैध रुपमा सञ्चालित दुईवटा बालुवा प्रशोधन उद्योग पनि बन्द गरिएको थियो।

तर त्यसयता प्रशासन र समन्वय समितिले अनुगमन गर्ने कार्यलाई निरन्तरता नदिँदा जिल्लामा फेरि अवैध क्रसर उद्योग सञ्चालन गरी नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन र बिक्री वितरण गर्न थालिएको छ।

जिल्लामा करिव दुई दर्जनभन्दा बढी क्रसर तथा बालुवा प्रशोधन केन्द्र सञ्चालनमा रहेको पाइएको छ तर घरेलु तथा साना उद्योगको कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार १० वटा उद्योग मात्र दर्ता रहेको जिल्ला समन्वय समितिका सभापति रामअयोध्या यादवले बताए।

> नियम, कानुन र निर्देशिका बन्ने र यसको कार्यान्वयन नहुने प्रवृत्तिले नदी, खोला, चुरे तथा वनमा अवैध क्रसर तथा खानी उद्योग सञ्चालन गर्ने प्रवृत्ति बढेको छ ।

जिल्लामा अधिकांश बालुवा तथा क्रसर उद्योग अवैधानिक रहेको भए पनि वर्षौंदेखि खुलेआम रुपमा सञ्चालन हुँदै आएको छ । पुराना बालुवा तथा क्रसर उद्योग एकातर्फ नवीकरण भएका छैनन् भने अर्को तर्फ अधिकांश बालुवा तथा क्रसर उद्योग सञ्चालनमा रहेका छन्।

शर्त र मापदण्ड उल्लंघन गर्दै बिना दर्ता तथा नवीकरणको उद्योग सञ्चालनले प्राकृतिक स्रोत साधनको दोहन गरिदै आए पनि एकले अर्कालाई दोष दिँदै बालुवा तथा क्रसर उद्योगविरुद्ध कारवाही गर्न भने सकेको छैन्।

नियम, कानुन र निर्देशिका बन्ने र यसको कार्यान्वयन नहुने प्रवृत्तिले नदी, खोला, चुरे तथा वनमा अवैध क्रसर तथा खानी उद्योग सञ्चालन गर्ने प्रवृत्ति बढेको छ।

२०७४ बाट स्थानीय तहको संरचना कार्यान्वयनमा आएपछि मापदण्ड विपरीत अवैध उत्खनन अझ बढेर गएको छ। राजनीतिक पहुँच र प्रशासनसँगको मिलोमतोमा विना दर्ता, मापदण्ड विपरीत र नवीकरणसमेत नभएका बालुवा तथा क्रसर उद्योग लामो समयदेखि सञ्चालन हुदै आएको छ।

अवैध बालुवा तथा क्रसर उद्योगले वन र नदीनालाको सौन्दर्य नै सखाप पारेर दोहन गर्ने प्रवृत्ति बढेको भए पनि दर्ता र नवीकरण नगराइ मापदण्ड विपरीत सञ्चालित क्रसर उद्योगलाई कारवाही गर्नसक्ने अधिकार स्थानीय तहहरुले पाएका छन् तर अहिलेसम्म कुनै पनि स्थानीय सरकार अनुमति विना सञ्चालित बालुवा तथा क्रसर उद्योगहरुलाई कारवाही गर्न सकेको छैन्।

ठेकेदार, जनप्रतिनिधि, गुण्डा तथा शक्ति केन्द्रसँग निकट रहेका व्यक्तिको मिलेमतोमा सर्त, मापदण्ड र बिना दर्ता अवैध उत्खनन तथा दोहन बढ्दै गएको छ। स्थानीय तहहरुले यस्ता उद्योगीलाई कारवाही गर्नुको सट्टा आफै पटक-पटक नियमविपरीत नदीबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन र बिक्री वितरण गर्ने गर्दछन्।

क्रसर र खानीजन्य उद्योग सञ्चालन गर्न भूगर्भ विभागबाट स्वीकृति लिइ स्थानीय तहमा दर्ता गराइ सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था छ। उद्योग सञ्चालन गर्दा कम्तीमा २० रोपनी जग्गा हुनुपर्छ। उद्योग सञ्चालन अघि वातावरणीय प्रभाव मूल्यांकनलाई अनिवार्य गरिएको हुनुपर्छ । चुरे क्षेत्रमा त यस्ता उद्योग सञ्चालन गर्नै पाइँदैन।

मापदण्ड-२०७७ अनुसार घना बस्ती र वन क्षेत्रको २ किलोमिटर, राजमार्गको ५ सय मिटर दूरीभित्रको नदी, सडक पुल र झोलुंगे पुलको १ किलोमिटर तल र ५ सय मिटरमाथि उत्खनन गर्न नपाइने उल्लेख छ।

अर्कोतर्फ क्रसर उद्योग सञ्चालन मापदण्ड अनुसार खोलाको किनारभन्दा ५ सय मिटर, हाइटेन्सन लाइन भन्दा सय मिटर, राजमार्गबाट ५ सय मिटर र शिक्षण संस्था, सुरक्षा निकाय लगायतका क्षेत्रबाट २ किलोमिटर बाहिर मात्रै क्रसर उद्योग सञ्चालन गर्न पाइने नियम छ । तर यस नियमको अधिकांश उद्योगीले पालना नगरेको पाइन्छ।

# फुटबलको ग्रासरुट कार्यक्रम सुरु

**टुडे समाचारदाता**

राजविराज। बालबालिकाको खेल विकासका लागि प्रशिक्षक र विद्यालय मिलेर "ग्रासरुट फुटवल कार्यक्रम" सुरु गरिएको छ । स्थानीय राज रंगशाला खेलमैदानमा आइतवारदेखि सुरु भएको ग्रासरुट फुटवलमा पहिलो चरणमा स्थानीय बैजनाथ ज्ञान कुञ्ज (पिसलैण्ड) विद्यालयका छात्र/छात्राको सहभागिता रहेको छ। ८ वर्ष देखि १३ वर्ष सम्मका बालबालिकालाई लक्षित गरेर सुरु गरिएको "ग्रासरुट फुटवल कार्यक्रम" को खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझीले उद्घाटन गरे।



कार्यक्रमका लागि आवश्यक पर्ने सामग्री बैजनाथ ज्ञान कुञ्ज (पिसलैण्ड) विद्यालयले तथा प्रशिक्षण कार्यमा प्रशिक्षक सीताराम चौधरी तथा प्रज्जवल सिंह सेवाले सहयोग गरेको बताइएको छ।

ग्रासरुट फुटवल कार्यक्रम अन्तर्गत दोश्रो चरणमा जिल्लाका थप निजी तथा सामुदायिक विद्यालयका छात्र-छात्राको सहभागिता गराउने लक्ष्य रहेको प्रशिक्षक सीताराम चौधरीले बताए। 'हामीले अपेक्षा गरेअनुरुप विद्यार्थीको समय र वातावरण मिलाई यहाँका विद्यालयहरुको सहकार्यमा यो कार्यक्रम अघि बढ्ने प्रशिक्षक चौधरीको भनाइ छ।"

कार्यक्रम उदघाटन समारोहमा वैजनाथ ज्ञान कुञ्ज (पिसलैण्ड) विद्यालयका संस्थापक अरुण कुमार साह, सहायक प्रिन्सिपल ज्ञानेन्द्र कुमार राउत, शिक्षक निर्मल यादव, जिल्ला फुटवल संघ सप्तरीका अध्यक्ष राजकुमार परियार लगायतले शुभकामना दिदै यस्ता कार्यक्रमले विद्यालयस्तरबाट उत्कृष्ट खेलाडी उत्पादन गर्न ठूलो मदत पुऱ्याउने विश्वास ब्यक्त गरे।

**प्लाष्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ्य राखौं**

- प्लाष्टिक चारसय वर्षसम्म कुहिदैन।
- यसले जमिन तथा जल प्रदुषण गर्दछ।
- प्लाष्टिकका भाडाँमा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ।
- प्लाष्टिक जलाउँदा वायुमण्डल प्रदुषित हुन्छ।
- खोलानाला वा समुन्द्रमा प्लाष्टिक परे पानी प्रदुषित हुन्छ।

**त्यसैले प्लाष्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८